शनिबारको
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
# कान्तिपुर
ekantipur.com

वर्ष ३४ अंक १७१ काठमाडौं | २३ साउन २०८३ शनिबार श्रावण कृष्णपक्ष दशमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, August 8, 2026 | पृष्ठ ८ | १० रुपैयाँ

# प्रतिबन्धित कुवेतमा झन्डै ६९ हजार नेपाली महिला घरेलु श्रमिक

**देशभित्र रोजगारी अभाव र ऋणको चापले नेपाली महिला कष्टकर यात्रा गर्दै प्रतिबन्धित कुवेतमा घरेलु श्रमिकका रूपमा काम गर्न बाध्य छन्, उनीहरूको श्रम सुरक्षा र उद्धारका विषयमा सरकारी उपस्थिति कमजोर देखिएको छ**

**होम कार्की** (काठमाडौं)

गत मंसिरको कुरा हो। कुवेतको फर्वानियामा ७ वर्षदेखि कार्यरत ४६ वर्षीया कुमारी वाइबाले झापामा रहेकी २६ वर्षीया भदैनी शान्ति विश्वकर्मालाई फोन गर्दै भनिन्, 'म काम गर्ने घरमा खद्यमा (घरेलु श्रमिक) चाहिएको छ। महिनाको १२० कुवेती दिनार दिन्छ। तिमी आउने भए पासपोर्ट पठाइदेऊ।'

एकातिर वैदेशिक रोजगारीमा जाने सपना, अर्कोतिर साउदी अरबमा काम गर्न गएका श्रीमान्‌को कमाइले घर खर्च धान्न र पुरानो ऋण समयमै तिर्न नसकिने आकलन। यही बेला शान्तिलाई फुपूले कुवेतको खबर सुनाएकी थिइन्। कुमारीले भनेकी थिइन्, 'फिलिपिनो युवतीले छाडेपछि रोजगारदाता (घर मालिक) लाई अर्को घरेलु श्रमिक चाहिएको छ। तिमीलाई ल्याउने कुरा घर मालिकले मन पराएका छन्।' फुपूले नै काम गर्ने घरमा काम पाइएकाले साउदी रहेका शान्तिका श्रीमान्‌ले पनि नाइँनास्ती गरेनन्।

गत १७ पुसमा ८ वर्षीया छोरी आमाको जिम्मा लगाएर शान्ति कुवेतका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडिन्। तर उनको हातमा कुवेतको घरेलु श्रमिकका लागि जारी गरिएको भिसा नम्बर १८ थिएन। बरु ओमानको १० दिनको भिजिट भिसा, होटल बुक र काठमाडौं-ओमान-काठमाडौंको दुईतर्फी टिकट थियो। बाँकी पृष्ठ ६



**कुवेतको सरकारी सेल्टरमा उद्धारको पर्खाइमा रहेका घरेलु कामदार।** **फाइल तस्बिर** : नेपाल परोपकार समाज, कुवेत

## वैदेशिक रोजगार व्यवसायीद्वारा श्रमिक विदेश नपठाउने घोषणा

काठमाडौं (कास)- वैदेशिक रोजगार व्यवसायीले श्रमिक विदेश नपठाउने घोषणा गरेपछि रोजगारी र रेमिट्यान्समा असर पर्ने भएको छ। दिनमा करिब दुई हजार युवा कामका लागि विदेश गइरहेको र उनीहरूले दिनमा औसत ५ अर्ब रुपैयाँ रेमिट्यान्स पठाइरहेको अवस्थामा व्यवसायीले श्रमिक पठाउन बन्द गर्दा मुलुकको अर्थतन्त्रमै असर पर्ने देखिएको छ। दुईतिहाइ श्रमिक रोजगार व्यवसायीमार्फत विदेश जाने गरेको गत वर्षको तथ्यांक छ।

७ सय ७१ म्यानपावर कम्पनीमाथि गरिएको कारबाही फिर्ता, वैज्ञानिक सेवा शुल्क निर्धारण गर्नुपर्नेलगायत १५ बुँदे माग अघि सार्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघले शुक्रबारदेखि वैदेशिक रोजगारीमा श्रमिक पठाउन बन्द गर्ने घोषणा गरेको छ। संघले युवा, श्रम र रोजगार मन्त्रालयलाई दिइएको १५ दिनको 'अल्टिमेटम' सकिएपछि शुक्रबार राजधानीमा पत्रकार सम्मेलन गर्दै यस्तो घोषणा गरेको हो।

वैदेशिक रोजगार विभागले विभिन्न चरणमा गरी ७ सय ७१ इजाजतपत्रवाला संस्थामाथि गरेको कारबाही तत्काल फिर्ता लिन माग गरेको छ। विभागले श्रमिकसँग तोकिएभन्दा बढी शुल्क उठाएको, करारपत्र अनुसार गन्तव्य देशमा काममा नलगाएको र विभागको अनुमति नलिई भारतीय विमानस्थलबाट श्रमिक पठाएको लगायत कारण देखाउँदै कारबाही गरेको थियो। बाँकी पृष्ठ ६

## भित्र

### समावेशी आयोगहरूको प्रभावकारितामा प्रश्न




- २०७२ को संविधानमा उल्लेख गरिएपछि स्थापित आयोगहरूमा पदाधिकारीको तलब, भत्ता, सेवा, सुविधा तथा कर्मचारीको तलब र घर भाडालगायतका शीर्षकमा ठूलो धनराशी खर्च तर समुदाय लक्षित कार्यक्रममा न्यून बजेट, आयोगका सिफारिस कार्यान्वयनमा पनि सरकार उदासीन

### थाइल्यान्डको स्कुलमा गोलीकाण्ड, कम्तीमा ७ को मृत्यु, ३० घाइते



- कक्षा ९ मा अध्ययनरत किशोर घरमा हजुरबुबा-हजुरआमाको हत्या गरेर स्कुल पुगेको प्रहरीको भनाइ

# चाँदी आयातमा सुनभन्दा बढी खर्च

**जुन गतिमा मूल्य बढेको थियो, त्यसरी नै घटेपछि नाफाको आशामा चाँदी किनेका लगानीकर्ता अन्योलमा**

**कृष्णा प्रसाई** (काठमाडौं)

नेपालले चाँदी आयातमा सुनमा भन्दा बढी खर्च गरेको छ। गत आर्थिक वर्षमा ३२ अर्ब ७४ करोड रुपैयाँ चाँदी आयातका लागि बाहिरिएको छ। उक्त रकम सुनका लागि भएको खर्चभन्दा करिब तीन अर्ब रुपैयाँले बढी हो। गत आर्थिक वर्षमा सुन आयातमा २९ अर्ब १५ करोड रुपैयाँ बाहिरिएको भन्सार विभागको तथ्यांक छ।

सेयर बजारमा आएको लगातारको गिरावट र सुनको मूल्यमा भएको अत्यधिक वृद्धिका कारण सर्वसाधारणले समेत चाँदीलाई लगानीको विकल्पका रूपमा लिन थालेपछि यसको माग बढेको हो।

'छोटो समयमै मुनाफा कमाउन सकिने भएकाले लगानीकर्ता चाँदीमा आकर्षित भएका हुन्,' नेपाल सुनचाँदी व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष दियेशरत्न शाक्यले भने, 'तर, बिस्कुट वा बार होइन दानाका रूपमा चाँदी आयात भएको छ।'

गत आर्थिक वर्षको सुरुदेखि नै चाँदीको मूल्य निरन्तर बढेर लगानीमा नाफा देखिन थालेपछि सर्वसाधारणको लगानी बढ्दै गएको व्यवसायी बताउँछन्। कात्तिक २०८२ मा प्रतितोला ३ हजार ३ सय रुपैयाँ रहेको चाँदीको मूल्य पुस २०८२ मा ह्वात्तै बढेर प्रतितोला ७ हजार ५ सय रुपैयाँ पुगेको थियो। दुई वर्षअघि चाँदीको मूल्य प्रतितोला १ हजार ३ सय ५० देखि १ हजार ९ सय ५० रुपैयाँ हाराहारीमा सीमित थियो। गत आर्थिक वर्षमा आयात भएको अधिकांश चाँदी ग्राहकले लगानीकै उद्देश्यले खरिद गरेको शाक्यको भनाइ छ।

गत आर्थिक वर्षमा चाँदीको आयात ३६६ प्रतिशतले बढेर ३२ अर्ब ७४ करोड रुपैयाँ पुगेको भन्सार विभागको तथ्यांक छ। आयात परिमाण पनि दोब्बरभन्दा बढी अर्थात् १०८.३७ प्रतिशतले वृद्धि भई १०४.२९ टन पुगेको थियो। बाँकी पृष्ठ ६



एआई निर्मित तस्बिर

> गत आर्थिक वर्षमा २९ अर्ब १५ करोड रुपैयाँ बराबरको सुन आयात हुँदा ३२ अर्ब ७४ करोड रुपैयाँको चाँदी भित्रियो

# मल लिन गएका किसान दाजुभाइ ३८ दिन भारतीय जेल बसेर घर फर्किए

**२ बोरा युरिया र ६ बोरा डीएपी मल लिएर घर फर्किंदै गर्दा दुवै भारतमा पक्राउ परेका थिए**

**शिव पुरी** (डुमरा, भारत)

मल लिन भारत जाँदा पक्राउ परेका सर्लाहीका किसान दाजुभाइ ३८ दिनपछि नेपाल आइपुगेका छन्। भारतको सीतामढी जिल्लास्थित व्यवहार अदालतका मुख्य न्यायाधीश अखिलेशकुमार झाको एकल इजलासले धरौटीमा रिहा गर्ने आदेश दिएपछि शुक्रबार उनीहरू नेपाल आइपुगेका हुन्।

सर्लाहीको बलरा नगरपालिका-५ का ६० वर्षीय नागेन्द्रप्रसाद सिंह र ५५ वर्षीय सुरेशप्रसाद सिंह दाजुभाइ १७ असारमा पक्राउ परेका थिए। उनीहरू स्थानीय बजारमा मल नपाएपछि सीमावर्ती भारतीय बजार सोनवर्षा गएका थिए। २ बोरा युरिया र ६ बोरा डीएपी मल साइकलमा राखेर घर फर्किंदै गरेका दुवैलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) र भारतीय कृषि विभागको संयुक्त टोलीले नियन्त्रणमा लिएको थियो। बाँकी पृष्ठ ६



> आफ्नै बाली जोगाउन गरेको सानो प्रयासले कानुनी र मानसिक यातना भोग्नुपर्‍यो
>
> • सुरेशप्रसाद सिंह

**भारतीय कारागारबाट शुक्रबार रिहा भएका सर्लाहीको बलरा नगरपालिका-५ का ६० वर्षीय नागेन्द्रप्रसाद सिंह (दायाँ) र ५५ वर्षीय सुरेशप्रसाद सिंह।**
**तस्बिर : शिव पुरी/कान्तिपुर**



# समावेशी आयोगहरूको प्रभावकारितामा प्रश्न

**२०७२ को संविधानमा उल्लेख गरिएपछि स्थापित आयोगहरूमा पदाधिकारीको तलब, भत्ता, सेवा, सुविधा तथा कर्मचारीको तलब र घर भाडालगायतका शीर्षकमा ठूलो धनराशी खर्च तर समुदाय लक्षित कार्यक्रममा न्यून बजेट, आयोगका सिफारिस कार्यान्वयनमा पनि सरकार उदासीन**




तस्बिर : दीपक केसी/कान्तिपुर

**राजेश मिश्र** (काठमाडौं)

विभिन्न समुदायलाई प्रतिनिधित्व गर्ने गरी गठन भएको दशक बित्न लाग्दा पनि 'अन्य' आयोगहरू (समावेशी आयोगहरू) प्रभावकारी हुन सकेका छैनन् । स्रोतसाधनको अभावमा ती आयोगहरू जेनतेन चलिरहेका छन् । आयोगको सिफारिस कार्यान्वयनमा सरकार पनि उदासीन रहने गरेको छ ।

२०७२ को संविधानले १३ वटा संवैधानिक आयोगको व्यवस्था गरेको छ । संविधानमा भाग २१ देखि २६ सम्म क्रमशः अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रिय प्रकृति स्रोत तथा वित्त आयोगसम्बन्धी प्रावधान छन् । भाग-२७ मा सात वटा 'अन्य' आयोग रहने उल्लेख छ ।

अन्य आयोगमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोग छन् । संविधानका धारा २५२ देखि २६५ सम्ममा ती आयोगसम्बन्धी प्रावधान उल्लेख छ । पुराना संवैधानिक आयोगहरू संगठनात्मक तथा परिणाम दिने हिसाबले प्रभावी र समृद्ध छन् । यी नयाँ आयोगहरूले भने अझैसम्म प्रभावकारी छाप छोड्न सकेका छैनन् । त्यसैले यी आयोगहरूका विषयमा पुनरावलोकन हुनुपर्ने बहससमेत चलिरहेको छ ।

सम्बन्धित समुदाय तथा वर्गको हकहितमा सरोकार राख्ने तथा उनीहरूलाई राष्ट्रको मूल प्रवाहमा समाहित गराउन भूमिका खेल्ने मुख्य जिम्मेवारी 'अन्य' आयोगहरूको छ । यी आयोगले समुदायको समग्र अध्ययन गरी तत्सम्बन्धी गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा नेपाल सरकारलाई सिफारिस गर्ने भनिएको छ । समुदायको सशक्तीकरण, हकहितको संरक्षण, भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अनुसन्धान गरी त्यसको संरक्षण र विकासका लागि सरकारलाई सिफारिस गर्ने जिम्मेवारी पनि आयोगलाई तोकिएको छ ।

विषयगत अध्ययन र अनुसन्धान गर्ने तथा त्यसको कार्यान्वयनका लागि सरकारलाई सिफारिस गर्ने आयोगको मुख्य जिम्मेवारी हो । तर जिम्मेवारीअनुरूप कार्यसम्पादन गर्नलाई सरकारले बजेट व्यवस्थापन नगरेको आयोगहरूको गुनासो छ ।

संविधान जारी भएको दुई वर्षपछि प्रत्येक आयोगका छुट्टाछुट्टै ऐन बनाइएको थियो । २०७५ देखि आयोग गठन गर्न थालिएको थियो । सुरुमा अध्यक्षहरूको मात्रै नियुक्ति गरियो । २०७५ मा नियुक्ति पाएकाहरूले ६ वर्षे कार्यकाल पूरा गरिसकेका छन् । थारू, मधेशी, समावेशी र मुस्लिम आयोग अहिले कार्यवाहक नेतृत्वका भरमा छन् ।

मधेशी आयोगका पूर्वअध्यक्ष विजय दत्त अन्तर्राष्ट्रिय जगत् तथा सम्बन्धित समाजलाई देखाउन मात्रै आयोगको व्यवस्था गरिएको टिप्पणी गर्छन् । 'सामुदायिक आयोगहरू हात्तीका देखाउने दाँत जस्ता बनाइएका छन् । संविधानमै यी आयोगहरूमाथि विभेद गरिएको छ । कानुनबाट झन् कमजोर बनाइयो,' उनले भने, 'अहिलेकै जस्तो अवस्थामा आयोग राख्नु वा नराख्नुको कुनै अर्थ छैन । स्रोतसाधन र अधिकारसहित बलियो बनाइनुपर्छ, नत्र पुनःसंरचनाको विकल्पमा जानुपर्छ ।'

पदाधिकारीको तलब, भत्ता, सेवा, सुविधा तथा कर्मचारीको तलब र घर भाडालगायतका शीर्षकमा ठूलो धनराशी खर्च भइरहे पनि समुदाय लक्षित कार्यक्रमका लागि आयोगहरूलाई अत्यन्तै न्यून बजेट दिने गरिएको छ । दत्तका अनुसार उनी ६ वर्ष अध्यक्ष रहँदा कार्यक्रमका लागि वार्षिक ५/६ लाखका दरले मात्रै मधेशी आयोगले बजेट पाएको थियो । वार्षिक प्रशासनिक खर्च भने ३ करोड हाराहारी थियो ।

'मधेशी समुदायलाई आयोग छ भनेर देखाइएको छ । उनीहरूका हक अधिकार, भाषा, कला संस्कृति संवर्द्धनदेखि सामाजिक न्यायका विषयहरूमा आयोगले काम गर्नुपर्ने हुन्छ । तर, स्रोतको सीमितताका कारण आयोगले केही गर्न सक्दैन,' उनले भने, 'उजुरी लिए पनि अनुसन्धानको अधिकार छैन । सरकारलाई फरवार्ड गरेर बस्नुपर्छ । त्यसले पनि आयोगको भूमिकामाथि प्रश्न उठेको छ ।' आयोग सिफारिस गर्ने कार्यमा मात्रै सीमित हुन पुगेको तर त्यही सिफारिस सरकारले कार्यान्वयन नगर्दा पनि आयोग प्रभावकारितामा प्रश्न उठेको उनको विश्लेषण छ ।

थारू आयोगकी सदस्य शान्ति मोदी समावेशी आयोगहरूप्रति सरकार उदासीन रहेको बताउँछिन् । 'कुनै अध्ययन, अनुसन्धान वा संरक्षण कार्यका लागि चाहिने भनेको आर्थिक स्रोत हो । तर, स्रोतविहीन बनाएर आयोगहरू खडा गरिएको छ,' उनले भनिन्, 'आयोगमा आउने बजेटको अधिकांश हिस्सा तलब, भत्ता र प्रशासनिक खर्चका लागि हुन्छ । अर्कातिर, हामीले गरेको सिफारिसमध्ये ९९ प्रतिशत कार्यान्वयन गरिँदैन । एक/दुइटा कार्यान्वयन गरिए होला ।'

मोदीले परिणाम दिन नसकेका कारण यी आयोगहरू सरकारका लागि आर्थिक रूपले बोझिलो मात्रै हुन पुगेको बताइन् । थारू आयोगले आर्थिक वर्ष ०८०/०८१ मा ३ करोड ८७ लाख ८० हजार बजेट खर्च गरेको थियो, त्यसमा ९ लाख रुपैयाँ मात्रै कार्यक्रम शीर्षकमा थियो । बाँकी बजेट आयोगको चालु शीर्षकमा खर्च भएका छन् । आयोगको खर्चको स्थिति हेर्दा 'सेतो हात्ती' पालेसरह भएको सदस्य मोदी बताउँछिन् ।

आदिवासी जनजाति आयोगको छैटौं वार्षिक प्रतिवेदनअनुसार आव ०८१/०८२ मा आयोगका लागि ३ करोड ५६ लाख ६४ हजार रुपैयाँ विनियोजन भएको थियो । त्यसमध्ये पुँजीगततर्फ ११ लाख रुपैयाँ मात्रै थियो ।

आयोगका सदस्य शरण राई सरकारले कनिका छरे जस्तो बजेट विनियोजन गर्दा अध्ययन, अनुसन्धान, अनुगमनलगायत कार्य प्रभावकारी ढंगले गर्न नसकिएको बताउँछन् । 'सरकारले कार्यक्रमलाई चाहिने न्यूनतम बजेट दिँदैन । कानुनले बाँधेका कारण आयोगले बाह्य स्रोतबाट सहयोग लिन पनि सक्दैन । कर्मचारीको पनि अभाव छ,' उनले भने, 'हामी आयोगका पदाधिकारीहरू आफ्नै बलबुताले भ्याएसम्म ऐनले दिएको अधिकार प्रयोग गरिरहेका छौं ।'

आदिवासी जनजाति आयोगमा २०७७ सालमा पदाधिकारी नियुक्ति गरिएको थियो । त्यसयता पाँच वर्षमा आयोगले सरकारलाई विभिन्न विषयमा ९५ वटा सिफारिस गरेको छ । त्यसमध्ये मुस्किलले ५/६ वटा कार्यान्वयन भएको सदस्य राईले जानकारी दिए । आयोगले वार्षिक प्रतिवेदन तयार पारेर राष्ट्रपतिलाई बुझाउने गरेको तर राष्ट्रपतिबाट संसद् पठाइएपछि थन्किने गरेको उनको गुनासो छ । 'सिफारिस कार्यान्वयन भएन नै, संसद्मा समेत छलफलको विषय बनेन,' उनले भने, 'संसद्मा टेबल गरेर मात्रै भएन । बहस हुनुपर्छ ।' संविधानसभाभित्र र सडकमा भएका संघर्षको फलस्वरूप गठन भएका आयोगहरूलाई कसरी बलियो र प्रभावकारी बनाउने भन्नेबारे सरकार र संसद्को ध्यान पुग्नुपर्ने उनी बताउँछन् ।

आदिवासी जनजाति आयोगकै अर्का सदस्य मीनबहादुर श्रीस आदिवासी जनजाति अधिकारसम्बद्ध अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) सम्बन्धी महासन्धिको पक्ष राष्ट्र नेपाल रहेका कारण आयोग बनाइए पनि यसलाई अधिकारसम्पन्न र प्रभावकारी रूपमा काम गर्न सक्ने बनाउन कन्जुस्याइँ गरिएको बताउँछन् । 'समावेशी आयोगहरूलाई यही रूपमा लामो समय राख्न हुँदैन । यी आयोगहरू राज्यको प्राथमिकतामै परेनन् । यसरी चल्दैन, सुधार आवश्यक छ,' उनले भने, 'यी आयोगको पुनःसंरचना आवश्यक छ । कुनै न कुनै रूपमा अधिकारसम्पन्न संरचना चाहिन्छ । हटाइहाल्न मिल्दैन ।'

आयोगमा गरिने नियुक्तिमा पनि प्रश्न उठ्दै आएको छ । राजनीतिक दलले आफ्ना कार्यकर्ता भर्ना गर्ने थलोका रूपमा आयोगलाई लिएको देखिन्छ । आयोगका लागि समाजमा स्थापित तथा अध्ययन अनुसन्धानमा संलग्न व्यक्तिको छनोट हुनुपर्नेमा पार्टीले टिकट दिन नसकेको वा चुनाव हारेको कार्यकर्ता व्यवस्थापन गर्ने प्रवृत्तिले पनि आयोगको गरिमालाई कमजोर बनाएको मधेशी आयोगका पूर्वअध्यक्ष दत्त बताउँछन् ।

राष्ट्रिय समावेशी आयोगको कार्यक्षेत्र ठूलो छ । आर्थिक, सामाजिक, शैक्षिक दृष्टिले पछाडि परेका खस-आर्य, पिछडा वर्ग, अपांगता भएको व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछिडिएको वर्ग र कर्णाली तथा पिछिडिएको क्षेत्रमा बसोबास गर्ने तथा आर्थिक रूपले विपन्न लगायतका वर्ग, समुदाय र क्षेत्रका नागरिकको हकअधिकारको विषय हेर्ने जिम्मेवारी आयोगलाई छ ।

आयोगका कार्यवाहक अध्यक्ष हरिदत्त जोशी कार्यक्षेत्र व्यापक भए पनि बजेट र कर्मचारी जनशक्ति सीमित भएका कारण आयोगले परिणाम देखाउन नसकेको बताउँछन् । आव ०८१/०८२ मा उक्त आयोगले कार्यक्रम शीर्षकमा जम्मा १५ लाख रुपैयाँ पाएको थियो । आयोगको प्रशासनिक बजेट ४ करोड १७ लाख थियो ।

दलित र मुस्लिम आयोगको अवस्था पनि फरक छैन । राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा कार्यक्रम सञ्चालनका लागि प्राप्त हुने बजेट भन्न पनि लज्जाबोध हुने अवस्था रहेको बताउँछन् । सामाजिक मूल्यमान्यताका हिसाबले दलित समुदायमा समस्या ठूलो भए पनि त्यसको सम्बोधनका लागि काम गर्न स्रोतसाधन अपर्याप्त रहेको उनको गुनासो छ ।

विश्वकर्मा आयोगको अध्यक्ष भएको साढे ५ वर्ष पुगेको छ । यस अवधिमा दलितका सन्दर्भमा सरकारलाई सिफारिस गरिएका विषयको कार्यान्वयन ५ प्रतिशत पनि नरहेको उनले बताए । 'दलितको विकराल समस्या तथा आयोगको संवैधानिक म्यान्डेट सरकार र संसद्ले बुझ्नुपर्ने हो तर त्यता ध्यान दिइएन,' उनले भने, 'काम गर्न स्रोतसाधन नदिने, सिफारिस कार्यान्वयन नगरेर आयोगलाई कमजोर बनाउने अनि आयोगले काम गरेन, यो बोझिलो संरचना भयो भन्ने भाष्य निर्माण गर्न खोज्नु गलत हो ।'

दलित र महिला आयोगले सरकारमातहत रहने गरी २०७२ को संविधान आउनुभन्दा अगाडिदेखि नै काम गर्दै आएका थिए । संवैधानिक आयोगको दर्जा पाउनु अगाडि दुवै आयोग गठन आदेशबाट बनेका थिए । महिला आयोगको स्थापना २०५८ सालमा भएको हो । 'अन्य' आयोगमा रहेका सातमध्ये महिला आयोग तुलनात्मक रूपमा बढी संस्थागत र प्रभावकारी छ । महिला आयोगले औसतमा वार्षिक रूपमा १० करोड हाराहारी बजेट पाइरहेको छ । पाँच शाखामा ३८ स्थायी कर्मचारी तथा विभिन्न तहका १७ अस्थायी पद छन् ।

सबैजसो आयोगले हरेक वार्षिक प्रतिवेदनको सुझाव तथा सिफारिस खण्डमा आवश्यक स्रोतसाधन उपलब्ध गराई सिफारिस कार्यान्वयनमा गम्भीरता देखाउन लेख्दै आएका छन् । तर सरकारका तर्फबाट त्यसलाई ध्यान दिइएको छैन । महिला आयोग बाहेकका आयोगमा सवारी चालक र कार्यालय सहयोगी बाहेक ७/८ जना कर्मचारीको दरबन्दी छ । कर्मचारी आयोगमा आउने तर चाँडै सरुवा मागेर जाने प्रवृत्तिले पनि प्रतिफल दिन समस्या आउने गरेको प्रायः सबै आयोगका पदाधिकारी बताउँछन् ।

मधेशी आयोगका पूर्वअध्यक्ष दत्त संविधानमा अन्य आयोगको सूचीमा रहेका सात आयोगमा पनि विभेद गरिएको बताउँछन् । उनका अनुसार महिला, दलित र समावेशी आयोगको काम, कर्तव्य र अधिकार संविधानमै लेखिँदा आदिवासी जनजाति, मधेशी, थारू र मुस्लिम आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने भनिएको छ । सबै संवैधानिक आयोगलाई उस्तै अधिकार र सम्मान संविधानले दिन नसकेको उनी बताउँछन् ।

पूर्वअध्यक्ष दत्त सामुदायिक आयोगहरूको पुनरावलोकन गरिनुपर्ने बताउँछन् । संविधानको धारा २६५ मा अन्य आयोगको सूचीमा रहेका आयोगहरूको पुनरावलोकन संविधान प्रारम्भ भएको मितिले दस वर्षपछि गरिने उल्लेख छ । 'अहिलेकै स्थितिमा रहेका आयोगबाट सम्बन्धित समुदायमा ठगिएकाले पुनरावलोकन आवश्यक छ,' उनले भने, 'सबै आयोगलाई एकीकृत गरेर सामाजिक न्याय आयोग बनाउन सकिन्छ ।'

मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साह भने २०७२ को संविधानमा आयोगको व्यवस्था गरिए पनि त्यसको तीन वर्षपछि मात्रै आयोग गठन भएकाले पुनरावलोकनको समय भइनसकेको बताउँछन् । 'मधेशी आयोगमा सुरूमा अध्यक्षको मात्रै नियुक्ति गरियो । लामो अवधिपछि मात्रै बाँकी सदस्यको नियुक्ति गरियो,' उनी भन्छन्, 'त्यसैले संविधानमा भनिएबमोजिम पुनरावलोकन गर्ने समय भएको छैन ।'

जनसंख्याविद् एवं आदिवासी जनजाति महासंघका पूर्वमहासचिव बालकृष्ण माबुहाङ संविधानले नै आयोगहरूलाई कमजोर बनाएको बताउँछन् । 'संवैधानिक आयोग भनियो । तर यसका काम, कर्तव्य, अधिकार र उद्देश्य बलियो बनाइएन,' उनले भने, 'माग्नेले मागे, दिनेले पनि दिऊँ न त भनेर कमजोर संरचना दिए । त्यति हो । यही रूपको आयोगबाट मधेशी, जनजाति, थारू वा दलित समुदायको हित हुने सम्भावना देखिन्न ।' संविधानमै सुधार गरेर आयोगलाई बलियो संवैधानिक आयोग बनाउन सके मात्रै प्रभावकारी बन्ने, नभए यो केही मानिसले जागिर पाइरहने ठाउँमा सीमित रहने उनको भनाइ छ ।

मधेशी नागरिक समाजका संयोजक गणेशकुमार मण्डल आयोगहरूले औचित्य पुष्टि गर्न नसकेको बताउँछन् । 'संविधान निर्माणका बेला कतिपय माग भावनात्मक रूपमा आएका थिए । त्यसका लागि ठूलो दबाब थियो,' उनले भने, 'संविधानमा विभिन्न आयोगहरू थपिए । गठन पनि भए । तर ती जाति तथा थर पहिचानमा मात्रै अलमलिएका देखिन्छन् । जाति र थर खोज्नलाई आयोगै चाहिँदैन ।'

मण्डल पनि आयोगहरूको पुनरावलोकन आवश्यक रहेको बताउँछन् । 'संविधान, कानुन तथा संस्थागत रूपमा परिणाम दिन सक्ने गरी आयोगलाई बलियो बनाउन सक्नुपर्‍यो । नभए खारेज गरे हुन्छ,' उनले भने, 'केही मानिसले जागिर पाउने अड्डाका रूपमा मात्रै चिनिँदा आयोगहरूको साख गिरेको छ ।' आयोगमा विज्ञता भएका मानिसको नियुक्ति नभएकाले पनि प्रभावकारी बन्न नसकेको उनको टिप्पणी छ ।



**कार्यक्रम सञ्चालनका लागि प्राप्त हुने बजेट भन्न पनि लज्जाबोध हुने अवस्था छ, स्रोतसाधन नदिने, सिफारिस कार्यान्वयन नगरेर आयोगलाई कमजोर बनाउने अनि आयोगले काम गरेन, यो बोझिलो संरचना भयो भन्ने भाष्य निर्माण गर्न खोज्नु गलत हो**

● **देवराज विश्वकर्मा**
अध्यक्ष, राष्ट्रिय दलित आयोग



**संविधानमै यी आयोगहरूमाथि विभेद गरिएको छ, कानुनबाट झन् कमजोर बनाइयो, अहिलेकै जस्तो अवस्थामा आयोग राख्नु वा नराख्नुको कुनै अर्थ छैन, स्रोतसाधन र अधिकारसहित बलियो बनाइनुपर्छ, नत्र पुनःसंरचनाको विकल्पमा जानुपर्छ**

● **विजय दत्त**
पूर्वअध्यक्ष, मधेशी आयोग



**संवैधानिक आयोग भनियो तर काम, कर्तव्य, अधिकार र उद्देश्य बलियो बनाइएन, माग्नेले मागे, दिनेले पनि दिऊँ न त भनेर कमजोर संरचना दिए, यही रूपको आयोगबाट मधेशी, जनजाति, थारू वा दलित समुदायको हित हुने सम्भावना देखिन्न**

● **बालकृष्ण माबुहाङ**
पूर्वमहासचिव, आदिवासी जनजाति महासंघ

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष**: कतै कुनै बैठकमा सहभागिता जनाउनुपर्ला । तपाईंको कुराको मान राखिनेछ । समग्रमा दिन राम्रै रहनेछ ।

**वृष**: पारिवारिक वातावरण सुमधुर रहनेछ । कुनै कुराको आकस्मिक लाभ होला । विविध कुराले गर्दा मन प्रसन्न रहला ।

**मिथुन**: कुनै कुरालाई लिएर छलफल हुन सक्छ । समसामयिक कुरामा जोड दिइनेछ । जसरी पनि आफ्नो काम सक्न लागिपरिनेछ ।

**कर्कट**: कुनै कामको पदीय कार्यभार सम्हाल्नुपर्ला । सामाजिक कार्यमा संलग्न हुनुपर्ला । कुनै कुराको आकस्मिक लाभ हुन सक्छ ।

**सिंह**: आत्मीयजनसित भेटघाट हुन सक्छ । कुनै कुराले मनमा हौसला बढ्नेछ । पारिवारिक वातावरण सुमधुर रहला ।

**कन्या**: कुनै कुराले गर्दा मनमा दोधार हुन सक्छ । पारिवारिक कुरामा जोड दिनुपर्नेछ । सकारात्मक सोचमा रहन सके सबै कुरामा सहजता हुनेछ ।

**तुला**: समसामयिक कुरालाई जोड दिइनेछ । आगामी कामकाबारे विचार विमर्श हुनेछ । आफैंले आफ्नो सहजताबारे विचार गरिनेछ ।

**वृश्चिक**: कतै जाने प्रबन्ध मिल्न सक्छ । समसामयिक कुरा विचारी चल्ने प्रयास हुनेछ । इच्छाभोजन गर्ने अवसर जुट्नेछ ।

**धनु**: मन उत्साहित बन्दा काममा सहजता हुनेछ । कुनै आर्थिक कार्यमा संलग्न हुनुपर्ला । समयलाई आफू अनुरूप तह लगाइनेछ ।

**मकर**: कुनै कुराले नजानिँदो गरी टाउको दुखाउन सक्छ । अत्यावश्यक कुरामा जोड दिइनेछ । आफैंले आफ्नो अनुकूलताको विचार गरिनेछ ।

**कुम्भ**: आगामी कामकाबारे विचार गरिनेछ । समयावस्था विचारेर आफूलाई तह लगाइनेछ । सकारात्मक सोचले काम सक्न लागिपरिनेछ ।

**मीन**: तनमन स्वतःस्फूर्त रहनेछ । पारिवारिक भेटघाट हुनेछ । विविध कुराले गर्दा मन खुसी रहनेछ ।



## पुनर्निर्माणपछिको सप्तपाताल

ललितपुरस्थित पुनर्निर्माण गरिएको सप्तपाताल पोखरी। लिच्छविकालीन यस पोखरी दशकौंसम्म अतिक्रमणमा परेको थियो। सर्वोच्च अदालतको आदेशअनुसार पोखरीको जग्गा फिर्ता गरिएपछि ललितपुर महानगरले पुनर्निर्माण गरेको हो।

तस्बिर : दीपेश दर्शनधारी/कान्तिपुर

# परराष्ट्रको ओएन्डएममा सामान्य र अर्थ मन्त्रालयको असहमति

**परराष्ट्र सेवाका दरबन्दी स्थानान्तरण गरेर प्रशासनतर्फका मात्रै दरबन्दी कटौती प्रस्ताव गरिएको दुवै मन्त्रालयका अधिकारीहरूको टिप्पणी, कूटनीतिक क्षेत्रको आवश्यकता नबुझिएको भन्दै परराष्ट्रको असन्तुष्टि**

**राजेश मिश्र** (काठमाडौं)

विदेशस्थित नेपाली नियोगहरूमा रहेको प्रशासन सेवातर्फका मात्र दरबन्दी कटौती गर्ने परराष्ट्र मन्त्रालयको प्रस्तावमा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालय असहमत देखिएका छन्। दुई मन्त्रालय सहमत नहुँदा परराष्ट्रको नयाँ संगठन तथा व्यवस्थापन (ओएन्डएम) सर्वेक्षण प्रमाणीकरण हुन सकेको छैन।

परराष्ट्रले विभिन्न दूतावास तथा महावाणिज्य दूतावासमा रहेको प्रशासन सेवाका मिनिस्टर (इकोनोमिक), महावाणिज्यदूत, काउन्सेलर (कल्चर) र श्रम सहचरीको दरबन्दी कटौती गर्न खोजेको छ। मन्त्रालयले प्रस्ताव गरेको ओएन्डएम सर्वेक्षणमा प्रशासनतर्फका दरबन्दी काटेर उक्त स्थानमा परराष्ट्र सेवाको दरबन्दी कायम गर्न खोजिएको छ। त्यसप्रति प्रशासन सेवाका उच्च अधिकारीहरूले आपत्ति जनाएका छन्।

सम्बन्धित अधिकारीहरूले परराष्ट्र सेवाका दरबन्दी कटौती नगरेर प्रशासनतर्फको मात्रै दरबन्दी कटौती प्रस्ताव गरिएको बताएका छन्। यस विषयमा मुख्य सचिव गोविन्दबहादुर कार्कीलाई पनि जानकारी गराएको उनीहरूको भनाइ छ।

कुटनीतिक क्षेत्रको आवश्यकता र विदेशमा रहेका लाखौं नेपालीलाई सेवा प्रवाहमा सहजता प्रदान गर्ने उद्देश्यसहित गरिएको सर्वेक्षण अड्काइएको भन्दै परराष्ट्र मन्त्रालय भने असन्तुष्ट छ। परराष्ट्रका अधिकारी भने कूटनीतिक नियोगमा कूटनीतिक सेवाकै जनशक्ति हुनुपर्ने आवश्यकताको सिद्धान्त र अन्तर्राष्ट्रिय अभ्यासलाई पछ्याउन खोजिएको बताउँछन्। 'प्रशासन सेवाको जनशक्ति काटिएको अर्थमा यसलाई लिन भएन,' मन्त्रालयका एक अधिकारीले भने, 'कुन ठाउँमा कुन सेवा समूहको जनशक्ति चाहिन्छ, त्यहीँ राखौं भनिएको हो। यसलाई शासकीय सुधारको प्रयासका रूपमा बुझ्दा उचित हुनेछ।' कूटनीतिक क्षेत्रको आवश्यकतालाई बुझ्न नखोजिएको गुनासो परराष्ट्रका अधिकारीहरूको रहेको छ।

बजेट वक्तव्यमार्फत नै विदेशस्थित ६ नियोगहरू खारेजी हुँदा पनि त्यहाँ फाजिल भएका परराष्ट्र सेवाका कर्मचारीको दरबन्दी कटौती नगरिएको, मन्त्रालयमा महाशाखा नघटाइएको विषयलाई दुई वटै मन्त्रालयले उठाएका छन्। डेनमार्क, ब्राजिल र दक्षिण अफ्रिकामा रहेको नेपाली दूतावास तथा चीनको छेन्दु र अमेरिकाको सान फ्रान्सिस्कोस्थित महावाणिज्य दूतावासका साथै भारतको विशाखापटनमस्थित फिल्ड कार्यालय बन्द गरिएको छ।

परराष्ट्रले नयाँदिल्ली र बेइजिङस्थित नेपाली दूतावासका मिनिस्टर (इकोनोमिक)-२, हङकङ, ल्हासा, कोलकाता, छेन्दु र ग्वान्जाओमा रहेका महावाणिज्य दूतावासका ५ महावाणिज्यदूत (कन्सुलेट जनरल) सहित प्रशासन सेवाका ७ सहसचिवको दरबन्दी खारेज गर्न खोजेको छ। त्यस्तै, सोल, क्वालालम्पुर, रियाद, दोहा र आबुधाबीमा रहेका सामान्य प्रशासन समूहका काउन्सेलर, नयाँदिल्लीमा रहेको काउन्सेलर (कल्चर), विशाखापटनमको काउन्सेलर (इकोनोमिक) तथा वासिङ्टन डीसी र कोलकातामा रहेको प्रशासन सेवा राजस्व समूहका गरी प्रशासनतर्फका ९ उपसचिवको दरबन्दी कटौतीको प्रस्ताव छ।

विभिन्न नियोगमा रहेका प्रशासन समूहका १० शाखा अधिकृतको दरबन्दी पनि कटौतीको प्रस्ताव छ। खारेजीमा परेका नियोगका परराष्ट्रतर्फका दरबन्दीलाई भने अन्यत्र व्यवस्थापन गर्न लागिएको छ। प्रदेश प्रमुखको कार्यालयमा रहेका परराष्ट्रका एक/एक शाखा अधिकृतको दरबन्दीलाई कटौती गरेर नियोगमा सार्न खोजिएको छ। बन्द गर्न प्रस्तावित सानफ्रान्सिस्कोको सहसचिवको दरबन्दीलाई कोलकाताको महावाणिज्यदूतमा स्थानान्तरण गर्ने प्रस्ताव छ।

यस्तै बन्द गरिएको कोपनहेगन, प्रिटोरियाको उपसचिवको दरबन्दी म्याड्रिड र हङकङमा सार्न खोजिएको छ। सानफ्रान्सिस्कोमा रहेको परराष्ट्र उपसचिवको दरबन्दीलाई ल्याटिन अमेरिका हेर्ने गरी वासिङ्टन डीसीमा सार्न परराष्ट्रको प्रस्ताव छ। खारेजीमा परेर वा मन्त्रालयमै काम दिन नसकेर फाजिलमा रहेका परराष्ट्र सेवाका सहसचिव, उपसचिव र शाखा अधिकृतको दरबन्दी कटौती नगरेर तिनलाई अन्यत्र सारेर दरबन्दी कायम राख्न खोजिएकामा अर्थ र सामान्य प्रशासन मन्त्रालयले असहमति जनाएका छन्।

३२ असारमा बसेको मन्त्रिपरिषद् बैठकले १८ वटै मन्त्रालयको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने सैद्धान्तिक निर्णय गरेको थियो। त्यही निर्णयका आधारमा मुख्य सचिवबाट मन्त्रालयगत रूपमा दरबन्दी प्रमाणीकरण भइरहेको छ। धेरैजसो मन्त्रालयको दरबन्दी प्रमाणीकरण टुंगिसक्दा परराष्ट्रको भने प्रधानमन्त्री कार्यालयमै अड्किएको छ।

प्रधानमन्त्री कार्यालयका प्रवक्ता सहसचिव हेमराज अर्यालले दुई/तीन वटा मन्त्रालयको नयाँ दरबन्दी संरचना टुंगिन बाँकी रहेको बताए। त्यसमा परराष्ट्र मन्त्रालय रहेको उनले बताए। 'ओएन्डएम सर्वेक्षण अत्यन्तै प्राविधक विषय हो। कार्य जिम्मेवारी पहिचान गरेर त्यसका लागि आवश्यक पर्ने दरबन्दी निश्चित गर्ने हो,' उनले भने, 'अधिकांश मन्त्रालयको टुंगिइसकेको छ। केही मन्त्रालयको दरबन्दी पुनःसंरचनाको विषय थप छलफलमा छ।'

प्रधानमन्त्री कार्यालयमा मन्त्रालयगत रूपमा छलफल भएर त्यहाँबाट प्रमाणीकरण गरिएपछि दरबन्दी संरचना सामान्य प्रशासन मन्त्रालयमा आउँछ। सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित मन्त्रालयमा पठाउने र सम्बन्धित मन्त्रालयको सचिवले प्रमाणीकरण गरेर राष्ट्रिय निजामती किताबखानामा पठाएपछि नयाँ दरबन्दी कायम हुने क्रम चलिरहेको छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले ओएन्डएम सर्वेक्षण प्रमाणीकरण प्रक्रियामै रहेको भन्दै त्यस विषयमा थप टिप्पणी गर्न अस्वीकार गरे। 'हाम्रा दूतावासहरू अत्यन्तै न्यून जनशक्तिबाट चलेका छन्। नेपाली डायस्पोरा बढेको छ। तर दूतावासको आकार अत्यन्तै सानो छ। अहिले रहेका जनशक्तिबाट सेवा प्रवाहमा कठिनाइ भइरहेको छ। दूतावासहरूमा जनशक्ति नथपी भएको छैन,' उनले भने, 'तर हामीले नयाँ दरबन्दी सिर्जना नगरेर बन्द गर्न प्रस्तावित नियोग तथा मन्त्रालयमा रहेका दरबन्दीलाई न्यून जनशक्ति रहेका दूतावासमा व्यवस्थापन गर्न खोजेका छौं।'

पौडेलका अनुसार जापान, अस्ट्रेलिया वा खाडी देशमा नेपालीको संख्या बढेको छ तर दूतावास ३/४ कर्मचारीका भरमा चलेका छन्। 'त्यस्ता नभई नहुने ठाउँमा दरबन्दी व्यवस्थापन गर्न खोजिएको हो,' उनले भने।

सामान्य प्रशासन मन्त्रालयका एक अधिकारीले मुख्य रूपमा परराष्ट्र र अर्थ मन्त्रालयको नयाँ ओएन्डएम सर्वेक्षण थप छलफल आवश्यक रहेको बताए। अर्थ मन्त्रालय मातहतको राजस्व अनुसन्धान विभाग खारेजी भएको छ। त्यहाँ १ सय ५० दरबन्दी थियो। तर अर्थले त्यसअनुसारको दरबन्दी कटौती गरेको छैन।

अर्थभन्दा पनि परराष्ट्रमै बढी समस्या देखिएको ती अधिकारीको भनाइ छ। 'परराष्ट्र मन्त्रालयमा १५ वटा महाशाखा राखिएको छ। त्यति धेरै महाशाखा किन? त्यसलाई घटाउन भनिएको सुझाव मानिएको छैन। नियोग खारेजी हुँदा पनि त्यसअनुसारको दरबन्दी खारेज गरिएको छैन,' उनले भने, 'प्रशासनतर्फका दरबन्दीमाथि मात्रै वक्रदृष्टि राखिएको छ। ओएन्डएमको जुन उद्देश्य थियो, त्यो पूरा गर्न खोजिएको छैन।'

परराष्ट्र मन्त्रालय २०८१ मा ११ सहसचिवसहित १ सय ११ दरबन्दी थपाउन सफल भएको थियो। तत्कालीन परराष्ट्रमन्त्री आरजु देउवाको जोडबलमा दरबन्दी थपिएको थियो। मन्त्रालयका १० महाशाखालाई बढाएर १५ पुऱ्याइएको थियो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले १२ जेठमा सबै मन्त्रालयलाई कामको जिम्मेवारीअनुसार आवश्यक कर्मचारीको पहिचान गरेर नयाँ ओएन्डएम सर्वेक्षण गर्न निर्देश गरेको थियो। कर्मचारी प्रशासनको आकार घटाएर चुस्त बनाउन निर्देशन थियो। ओएन्डएम सर्वेक्षणलाई अन्तिम रूप दिन प्रधानमन्त्री कार्यालयका वरिष्ठ सचिवको नेतृत्वमा बनाइएको उच्चस्तरीय कार्यदलले सबै मन्त्रालयलाई महाशाखा घटाउन भनेको थियो। परराष्ट्रलाई महाशाखा संख्या १५ बाट घटाएर ११ मा झार्न निर्देश गरेको थियो। त्यसअनुसार परराष्ट्रबाट ओएन्डएम सर्वेक्षण नगरिएको कार्यदलमा रहेका एक अधिकारीले बताए। 'मुख्य सचिवसहितको छलफलमा पनि परराष्ट्रको ओएन्डएम सर्वेक्षणमाथि प्रश्न उठेको छ। परराष्ट्रका अधिकारीको आफ्नै तर्क छ। तर, त्यसप्रति स्वयं मुख्य सचिव, अर्थ वा सामान्यका अधिकारी सहमत छैनन्,' उनले भने, 'यस सन्दर्भमा प्रधानमन्त्री तहबाटै निर्णय आउनुपर्ने देखिएको छ।'

विगतमा राजनीतिक पहुँच र प्रभावका आधारमा परराष्ट्र मन्त्रालयअन्तर्गत प्रशासन, कानुन, राजस्व सेवा समूहका दरबन्दी थपिएको तर त्यसले परिणाम दिन नसकेको परराष्ट्रका अधिकारीहरूको भनाइ छ। नियोगबाट फर्केर आइसकेपछि पनि अन्य सेवा समूहका कर्मचारीबाट संस्थागत ढंगले कूटनीतिक क्षेत्रमा दीर्घकालीन लाभ लिन सरकारले नसकेको उनीहरू बताउँछन्। 'कूटनीतिक नियोगका सबै पदमा परराष्ट्र सेवाकै कर्मचारी राख्दा तत्काल र दीर्घकालीन रूपमा राज्य लाभान्वित तथा नियोगहरू बढी प्रोफेसनल हुन्छन्,' परराष्ट्रका अधिकारीले मुख्य सचिव कार्कीसमक्ष तर्क गरेका छन्।

> परराष्ट्र मन्त्रालय २०८१ मा ११ सहसचिवसहित १ सय ११ दरबन्दी थपाउन सफल भएको थियो, तत्कालीन परराष्ट्रमन्त्री आरजु देउवाको जोडबलमा दरबन्दी थपिएको थियो, मन्त्रालयका १० महाशाखालाई बढाएर १५ पुऱ्याइएको थियो

## कन्सुलर सेवा अब अनलाइनबाट

परराष्ट्र मन्त्रालयले कन्सुलर प्रमाणीकरण सेवालाई अनलाइन प्रविधिमा रूपान्तरण गरेको छ। कन्सुलर प्रमाणीकरणका लागि अब अनलाइन आवेदन दिन सकिने, आवेदनको अवस्था हेर्न सकिने तथा अनलाइनबाटै राजस्व तिर्न सकिने व्यवस्था मिलाइएको छ।

कन्सुलर सेवा विभागले सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन 'नेपाल ई-प्रमाणीकरण प्रणाली' विकसित गरेको हो। नयाँ प्रणालीबाट सेवाग्राहीले संसारको जुनसुकै स्थानबाट अनलाइन आवेदन दिन सक्ने, राजस्व भुक्तानी गरी आफूलाई उपयुक्त मिति र समय छनोट गरी विभागमा उपस्थित भएर न्यूनतम प्रक्रिया पूरा गरेर सेवा लिन सक्नेछ। अनलाइनबाट दिएको आवेदनसँगै समय निर्धारित भएपछि मात्र सेवाग्राही विभागमा उपस्थित हुने प्रक्रियाले सेवाग्राही तथा सेवा प्रवाहमा सहजता हुनेछ। विभागका महानिर्देशक द्रौपदा सापकोटाले १ भदौबाट अनलाइन सेवा प्रवाहलाई तीव्रता दिइने बताएकी छन्।

परराष्ट्र मन्त्रालयमा आयोजित कार्यक्रममा अनलाइन प्रणालीको शुभारम्भ गर्दै परराष्ट्रमन्त्री शिशिर खनालले मन्त्रालय र मातहतका निकायबाट प्रवाह हुने सेवालाई थप सहज, सरल, पारदर्शी र प्रभावकारी बनाउन डिजिटल प्रणाली कार्यान्वयनमा ल्याइएको बताए। उनले विदेशमा प्रयोग हुने कागजातको प्रमाणीकरण आवश्यकता उल्लेखनीय रूपमा बढेको भन्दै त्यस कार्यमा थप सहजता हुने बताए।

आर्थिक वर्ष २०८०/८१ मा मात्र १ लाख ५ सय ९३ विद्यार्थीले वैदेशिक अध्ययनका लागि 'नो अब्जेक्सन लेटर' लिएका छन्। विदेशमा, अध्ययन, रोजगारी, आपत्कालीन उद्धार, घाइते तथा मृत्यु भएका नेपालीका परिवारलाई क्षतिपूर्ति वा बिमा दाबीलगायत कार्यका लागि प्रमाणित कागजातको आवश्यक पर्छ। नेपालका सरकारी निकायबाट जारी भएका शैक्षिक प्रमाणपत्र, सिफारिसपत्र, आधारभूतसहित विभिन्न कागजातको प्रमाणीकरण कन्सुलर विभागबाट हुँदै आएको छ।

# सुनौलो तोपका गुँडले सजियो शुक्लाफाँटा



**भवानी भट्ट** (कञ्चनपुर)

सुनौलो रङ, सानो शरीर र अद्भुत सीप। सुनौलो तोप चरालाई चराविद्हरूले 'इन्जिनियर चरा' पनि भन्छन्। कारण, यसले पोथीलाई आकर्षित गर्न अत्यन्त कलात्मक र आकर्षक गुँड बुन्छ। यतिबेला यसको प्रजनन मौसम सुरु भएसँगै शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका घाँसे मैदान र वरपरका रुखहरू सुनौलो तोपका गुँडले झनै आकर्षक बनेका छन्।

समूहमा बस्ने यो चराले एउटै रुखमा धेरै गुँड बनाउने गर्छ। माथि गोलाकार झुप्पो र छेउबाट पस्न मिल्ने गरी बुनेका गुँड हेर्दा नै यसको सीपको अनुमान गर्न सकिन्छ। प्रजननकालमा भाले चराले घाँस, नर्कट र अन्य वनस्पति संकलन गरेर निकै मिहिनेतका साथ गुँड बनाउँछ। त्यसपछि पोथीले गुँड निरीक्षण गरी मन परे मात्रै त्यहाँ बस्ने निर्णय गर्छ। नेपाल पन्छी संरक्षण संघका चराविद् हिरूलाल डगौराका अनुसार पोथीलाई मन नपरे भालेले फेरि अर्को गुँड बनाउन थाल्छ। 'पोथीलाई मन पर्ने गरी भालेले निकै परिश्रम गरेर गुँड बनाउँछ,' उनले भने, 'यदि पोथीलाई गुँड मन परेन भने उसले फेरि अर्को गुँड बनाउँछ। सिकारी चरालाई झुक्याउन वरिपरि अधुरा वा नक्कली (फल्स नेस्ट) गुँड पनि बनाउने गर्छ।' उनका अनुसार यही कारण चरा थोरै भए पनि गुँड भने धेरै देखिन्छन्।

नेपालमा चार थरीका तोप चरा पाइन्छन्। छातीकाले तोप चरा, धर्के तोप चरा, बाया तोप चरा र सुनौलो तोप चरा। यीमध्ये सुनौलो तोप चरा विश्वमै दुर्लभ मानिएको छ। यो चराले २ देखि ४ वटासम्म अन्डा पार्छ। १४ देखि १८ दिनसम्म ओथारो बस्छ। यसले बच्चा जन्माउन गुँड बनाउनेदेखि बच्चा हुर्काउन करिब ६ महिना लगाउँछ। यसले जेठ महिनातिरबाट गुँड बनाउन सुरु गर्छ। असोज-कात्तिकमा बच्चा हुर्काइसक्छ।

अहिले यो नेपाल र भारतमा मात्रै पाइन्छ। नेपालमा भने पछिल्ला वर्ष शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा मात्रै यसको स्थायी बसोबास रहेको छ। निकुञ्जको विशाल घाँसे मैदानसँगै लालपानी, मोहनपुर, अन्डैया-पटैया, हरैया र सिकारी ताल आसपासका क्षेत्रमा यसको मुख्य बासस्थान छ। यसअघि कोशी टप्पु वन्यजन्तु आरक्ष र घोडाघोडी क्षेत्रमा पनि यो चरा देखिने गरेको थियो। चराविद्हरूका अनुसार घोडाघोडीमा सन् २०१८ र कोशी टप्पुमा सन् २००७ पछि यो चरा देखिएको छैन।



**कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको घाँसे मैदानको रुखमा सुनौलो तोप चराले बनाएको गुँड।** **तस्बिर सौजन्य** : देवराज जोशी

> प्रजननको मौसममा कलात्मक गुँड बुनेर पोथीलाई आकर्षित गर्ने दुर्लभ सुनौलो तोप चराका गुँडले यतिबेला शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका घाँसे मैदान र वरपरका रुख आकर्षक देखिएको छ।

राष्ट्रिय प्रकृति संरक्षण कोषको शुक्लाफाँटा संरक्षण कार्यक्रमका वन्यजन्तु प्राविधिक तथा चराविद् देवराज जोशीका अनुसार अहिले यसको प्रजननको मुख्य समय भएकाले गुँड निर्माण तीव्र रूपमा भइरहेको छ। 'यो विश्वमै दुर्लभ चरा हो,' उनले भने, 'सन् २००८ मा पहिलो पटक शुक्लाफाँटामा यसको गुँड भेटिएपछि संरक्षणकर्मी उत्साहित भएका थिए। अहिले पनि यहाँ नियमित अनुगमन भइरहेको छ।'

सन् २०१४ देखि हरेक वर्ष यसको गणना हुँदै आएको छ। तर संख्या भने लगातार घटिरहेको छ। चराविद् डगौराका अनुसार सन् २०१४ मा शुक्लाफाँटामा करिब ३ सय सुनौलो तोप भेटिएका थिए। अहिले त्यो संख्या घटेर करिब एक सयमा सीमित भएको छ। यस वर्ष पनि असार-साउनमा प्रत्यक्ष अवलोकन र देखिनेबित्तिकै गणना गर्ने (अपर्चुनिस्टिक) दुवै विधिबाट गणना गरिएको छ।

प्रत्यक्ष गणनामा गुँड भएका क्षेत्रमा लामो समय बसेर एक-एक चरा गनिन्छ। त्यस क्रममा गुँड निर्माण, बचेरा हुर्काउने गतिविधि, वरपरको घाँसे मैदानको अवस्था तथा अन्य चराको उपस्थिति पनि अभिलेख गरिन्छ।

काग, कोकिललगायत सिकारी चराले गुँडमा आक्रमण गरी अन्डा वा बचेरा नष्ट गर्ने भएकाले सुनौलो तोपले तिनलाई झुक्याउन पूर्ण गुँडभन्दा केही टाढा अधुरा नक्कली गुँडसमेत बनाउने गरेको डगौराले बताए।

प्रजनन अवधि सकिएपछि भने यो चरा फेरि घाँसे मैदानमै फर्किन्छ। नर्कट, सिरु र ढड्डीलगायतका घाँसमा डुल्दै किरा-फट्यांग्रा खोजेर खाने गर्छ। कहिलेकाहीँ आहाराको खोजीमा बस्तीनजिक पनि पुग्ने गरेको चराविद्हरू बताउँछन्।

तर यसको बासस्थानमा आएको परिवर्तन, खेतीपातीमा बढ्दो विषादीको प्रयोग र चोरी-सिकारका कारण सुनौलो तोपको संख्या बर्सेनि घट्दै गएको डगौराको भनाइ छ। उनका अनुसार दुर्लभ यस प्रजातिको संरक्षणका लागि घाँसे मैदानको प्रभावकारी व्यवस्थापन, विषादीको प्रयोग नियन्त्रण र नियमित अनुगमन अपरिहार्य बनेको उनले बताए।

# थाइल्यान्डको स्कुलमा गोलीकाण्ड

# कम्तीमा ७ को मृत्यु, ३० घाइते

## कक्षा ९ मा अध्ययनरत किशोर घरमा हजुरबुबा-हजुरआमाको हत्या गरेर स्कुल पुगेको प्रहरीको भनाइ



**थाइल्यान्डको एक विद्यालयमा गोली चल्दा ज्यान गुमाएका एक शिक्षककी श्रीमतीलाई एम्बुलेन्सतर्फ लगिँदै ।** **तस्बिर** : एएफपी/रासस

**बैंकक** (एजेन्सी)

थाइल्यान्डको राजधानी बैंकक नजिकैको एक विद्यालयमा गोली चल्दा कम्तीमा ७ जनाको मृत्यु भएको छ । गोली प्रहारबाट कम्तीमा ३० भन्दा बढी घाइते भएका छन् । स्थानीय प्रहरीलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले कक्षा ९ मा अध्ययनरत १४ वर्षीय विद्यार्थीले गोली चलाएका थिए । प्रत्यक्षदर्शीका अनुसार ती विद्यार्थी एउटा कोठाबाट अर्को कोठामा जाँदै शिक्षकलाई गोली हानेका थिए । घटनापछि विद्यार्थी र विद्यालयका कर्मचारी ज्यान जोगाउन भागेका थिए ।

प्रहरीका अनुसार घटना बिहान करिब १० बजे रिपोर्ट गरिएको थियो । जब पोह टेक तुङ फाउन्डेसनका स्वयंसेवकहरूले विद्यालयभित्र गोली चलेको सुनेपछि प्रहरीलाई खबर गरेका थिए ।

सातौं कक्षाकी एक विद्यार्थीले आफू कक्षाकोठामा हुँदा गोली हान्ने ती किशोर एक कोठाबाट अर्को कोठामा हिँडिरहेको देखेको बताइन् । त्यसपछि उनले कक्षाकोठाको अगाडि उभिरहेका शिक्षकलाई गोली हानेका थिए । त्यसपछि आफूले अरू केही देख्न नसकेको उनले बताइन् । प्रहरीका अनुसार गोली चलाएको आशंका गरिएका कक्षा ९ मा अध्ययनरत १४ वर्षीय विद्यार्थी पनि मृत फेला परेका छन् ।

विद्यालयभित्र रहेका एक विद्यार्थीका अनुसार बैजनी रङको शारीरिक शिक्षाको पोसाक लगाएका बन्दुकधारीले विद्यालय परिसरमा २६ राउन्ड गोली चलाएका थिए । पछि प्रहरीले घटनास्थलबाट थप ३४ राउन्ड गोली बरामद गरेको छ ।

स्वास्थ्यमन्त्री पट्टाना प्रोम्फातका अनुसार विद्यालयमा ५ जना शिक्षकको मृत्यु भएको छ । गोली प्रहार गर्ने राजधानी बैंककको बाहिरी क्षेत्रमा रहेको आफ्नो घरमा हजुरबुबा-हजुरआमालाई गोली हानेपछि विद्यालय गएको थाइल्यान्डका सार्वजनिक स्वास्थ्यमन्त्रीले बताए । उनका अनुसार हजुरबुबा-हजुरआमा घरमै मृत भेटिएका थिए । प्रहरीका अनुसार ती किशोरले प्रयोग गरेको ९ एमएम पिस्तोल उनका हजुरबुबाको थियो । स्थानीय प्रशासनका अनुसार हजुरबुबा शिक्षक थिए ।

थाइल्यान्डका उपगृहमन्त्री पोलापी सुवान्चावीले प्रहरीले आरोपितको घरबाट संकलन गरेको प्रमाणका आधारमा उनी भिडियो गेम खेल्न निकै रुचाउने गरेको विवरण सार्वजनिक गरेका छन् । विद्यालयका एक शिक्षकका अनुसार ती किशोर 'राम्रो पढाइ र राम्रो व्यवहार भएको विद्यार्थी' थिए । उनी आक्रामक स्वभावका रहेको बारे यसअघि कुनै जानकारी नभएको शिक्षकले बताएका छन् ।

देब्सिरिन विद्यालयका शाखा थाइल्यान्डका विभिन्न स्थानमा छन् । विद्यालय शैक्षिक प्रतिष्ठाका लागि परिचित छ । उक्त गोलीकाण्डपछि त्यहाँका प्रतिपक्षी नेताले थाई अधिकारीहरूलाई देशको बन्दुक नियन्त्रण उपायहरूको पुनरावलोकन गर्न आह्वान गरेका छन् ।

प्रतिपक्षी पिपुल्स पार्टीका नेता नथाफोङ रुएङपन्याउतले फेसबुक पोस्टमा लेखेका छन्, 'हाम्रो समाजमा सबैभन्दा सुरक्षित ठाउँहरूमध्ये एक हुनुपर्ने शैक्षिक संस्थामा भएको यस हिंसात्मक घटनाले थाई समाजलाई बन्दुक नियन्त्रण उपायहरूको गम्भीर र व्यवस्थित पुनरावलोकन गर्नुपर्ने आवश्यकताको कठोर सम्झना गराउँछ ।' नथाफोङले पीडित परिवारप्रति समेत समवेदना व्यक्त गरेका छन् ।

यस वर्षको फेब्रुअरीमा सोफ्ला प्रान्तको हाट याई जिल्लास्थित एउटा विद्यालयमा १७ वर्षीय बन्दुकधारीले आक्रमण गर्दा कर्मचारी र विद्यार्थीहरू घाइते भएका थिए । गोली लागेर विद्यालयकी निर्देशिकाको मृत्यु भएको थियो ।

त्यस्तै अक्टोबर २०२२ मा नोङ बुआ लाम्फु प्रान्तको एउटा बाल विकास केन्द्रमा बन्दुक र चक्कु बोकेका एक पूर्वप्रहरीले आक्रमण गर्दा २२ बालबालिकासहित ३७ जनाको मृत्यु भएको थियो ।

# जन्मसिद्ध नागरिकतामा कडाइ गर्न ट्रम्पले ल्याए कानुन



**जन्मसिद्ध नागरिकतासम्बन्धी आदेश जारी गर्नुअघि अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प (दायाँ) र ह्वाइट हाउसका नीति विषयक उपप्रमुख स्टेफन मिलर ।** **तस्बिर** : एएफपी/रासस

एजेन्सी (काठमाडौं)- अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले जन्मसिद्ध नागरिकता (बर्थराइट सिटिजनसिप) सीमित गर्ने प्रयास फेरि अघि बढाएका छन् । सर्वोच्च अदालतले केही साताअघि जन्मसिद्ध नागरिकता अन्त्य गर्ने उनको अघिल्लो प्रयासलाई अस्वीकार गरेपछि उनले दुई नयाँ कार्यकारी आदेश जारी गरेका हुन् ।

बिहीबार जारी गरिएको एउटा आदेशले आफ्ना सन्तान जन्मसिद्ध नागरिकताका लागि योग्य नहुने गैरनागरिकहरूको परिभाषा विस्तार गरेको छ । अर्को आदेशले 'बर्थ टुरिज्म' अर्थात् सन्तानलाई अमेरिकी नागरिकता दिलाउने उद्देश्यले गर्भवती महिला अमेरिका पुगेर बच्चा जन्माउने अभ्यासमा प्रतिबन्ध लगाएको छ ।

'यो धेरै वर्षअघि नै हुनुपर्ने थियो तर अहिले हामी त्यसलाई कार्यान्वयन गरिरहेका छौं,' ओभल अफिसमा ट्रम्पले भने । उनले जन्मसिद्ध नागरिकताको १५० वर्ष पुरानो व्यवस्थालाई अन्त्य गर्ने आफ्नो अघिल्लो प्रयास सर्वोच्च अदालतले अस्वीकार गरेको भन्दै त्यसको आलोचना गरे । ट्रम्पले जन्मसिद्ध नागरिकताको व्यवस्थाको दुरुपयोग भइरहेको दाबी गरेका छन् । उनले यस व्यवस्थालाई धेरै व्यक्तिले मजाकको विषय बनाएको उल्लेख गर्दै सर्वोच्च अदालतको पछिल्लो निर्णयलाई 'धेरै दुर्भाग्यपूर्ण' भएको टिप्पणी गरे । अदालतको निर्णयपछि प्रशासनले कानुनी सीमाभित्र रहेर नीति समायोजन गरिरहेको उनको भनाइ थियो ।

राष्ट्रपति ट्रम्पका वरिष्ठ सल्लाहकार स्टिफन मिलरका अनुसार नयाँ आदेशको उद्देश्य जन्मसिद्ध नागरिकताको अधिकारलाई थप सीमित गर्नु हो । उनले विदेशी आतंकवादी संगठनसँग आबद्ध व्यक्तिका सन्तान, विदेशी सरकारका तर्फबाट लबिइङ गर्ने वा काम गर्ने व्यक्तिका सन्तानलगायत केही श्रेणीका व्यक्तिलाई यस व्यवस्थाबाट बाहिर राख्ने लक्ष्य रहेको बताए । यसबाट हालसम्म गलत रूपमा जन्मसिद्ध नागरिकताको सुविधा पाउँदै आएकाहरू भविष्यमा त्यसका लागि योग्य नहुने उनको दाबी छ ।

ट्रम्पले हस्ताक्षर गरेको पहिलो कार्यकारी आदेशमा अमेरिकाको उदारताको दुरुपयोग गर्दै विदेशी तत्त्वले अमेरिकी नागरिकलाई ठग्ने प्रयास गरेको भन्दै त्यसबाट उत्पन्न जोखिम रोक्न नयाँ व्यवस्था गरिएको उल्लेख छ । आदेशअनुसार, बच्चाका दुवै अभिभावक गैरअमेरिकी नागरिक भए र तीमध्ये एक जना विदेशी आतंकवादी समूहको सदस्य, विदेशी सरकारको कर्मचारी, जालसाजीमार्फत नागरिकता लिन खोजेको व्यक्ति वा संघीय कानुनअनुसार नागरिकता नपाइने अमेरिकी भूभागमा बसोबास गर्ने व्यक्ति भए अमेरिकामा जन्मिएको बच्चाले स्वतः अमेरिकी नागरिकता पाउने छैनन् ।

ट्रम्प प्रशासनले विशेषगरी रुस र चीनका नागरिकले जन्मसिद्ध नागरिकताको व्यवस्थाको दुरुपयोग गरेर अमेरिका प्रवेश गर्ने गरेको आरोप लगाउँदै आएको छ । तर अनुसन्धान संस्था माइग्रेसन पोलिसी इन्स्टिच्युटका अनुसार हरेक वर्ष यस्तो अभ्यासबाट करिब २२ हजारदेखि २६ हजार शिशु मात्र जन्मिने गरेको जनाएको छ । सन् २०२४ मा विदेशी ठेगाना भएका आमाबाट ९ हजार ६ सय शिशु जन्मिएको संस्थाले उल्लेख गरेको छ ।

> सर्वोच्च अदालतले केही साताअघि जन्मसिद्ध नागरिकता अन्त्य गर्ने प्रयासलाई अस्वीकार गरेपछि ट्रम्पले दुई नयाँ कार्यकारी आदेश जारी गरेका हुन्

ह्वाइट हाउसका नीति विषयक उपप्रमुख तथा गृह सुरक्षा सल्लाहकार स्टेफन मिलरका अनुसार धेरै व्यक्ति पर्यटक वा आगन्तुकका रूपमा अमेरिका प्रवेश गरे पनि उनीहरूको वास्तविक उद्देश्य बच्चा जन्माएर त्यसलाई स्वतः अमेरिकी नागरिक बनाउनु हो । उनका अनुसार त्यस्ता सन्तानले पछि सामाजिक सुरक्षा सुविधा, मतदानको अधिकार र अमेरिकी नागरिकलाई प्राप्त हुने अन्य अधिकार तथा सुविधा पाउँछन् ।

ट्रम्पले सन् २०२५ मा दोस्रो कार्यकाल सुरु गरेको केही दिनमै अमेरिकी संविधानको १४औं संशोधनले सुनिश्चित गरेको जन्मसिद्ध नागरिकता अन्त्य गर्ने उद्देश्यसहित कार्यकारी आदेश जारी गरेका थिए । त्यसविरुद्ध परेको रिटमा तल्लो अदालतले अमेरिकी संविधानको १४औं संशोधनको नागरिकतासम्बन्धी व्यवस्थाका आधारमा उक्त आदेश कार्यान्वयनमा रोक लगाएको थियो । अदालतले अमेरिकी भूमिमा जन्मिएका अधिकांश व्यक्तिले जन्मसिद्ध रूपमा नागरिकता पाउने संवैधानिक अधिकार रहेको स्पष्ट पारेको थियो । त्यसपछि सर्वोच्च अदालतले पनि तल्लो अदालतको निर्णयलाई सदर गरेको थियो ।

यद्यपि उक्त व्यवस्था विदेशी कूटनीतिज्ञका सन्तानजस्ता अमेरिकी क्षेत्राधिकारअन्तर्गत नपर्ने व्यक्तिमा लागू नहुने कानुनी प्रावधान छ । साथै अमेरिकी अध्यागमन कानुनअनुसार कुनै व्यक्तिले मुख्य उद्देश्य सन्तान जन्माएर नागरिकता दिलाउने नियतले अमेरिका यात्रा गर्न लागेको ठहरिएमा कन्सुलर अधिकारीले भिसा अस्वीकार गर्न सक्ने व्यवस्था पनि विद्यमान छ ।

नयाँ आदेश सार्वजनिक गर्दै ट्रम्पले सर्वोच्च अदालतको निर्णयलाई 'खराब र अन्यायपूर्ण' भन्दै आलोचना गरेका छन् । 'यसको असर हाम्रो देशले भोगिरहेको छ र हामी त्यसलाई अर्को तरिकाले अन्त्य गर्दै छौं,' उनले भने ।

ट्रम्प प्रशासनले १४औं संशोधन सन् १८६१-१८६५ को गृहयुद्धपछि पूर्वदासहरूको नागरिकताको अधिकार सुनिश्चित गर्न ल्याइएको तर्क गर्दै त्यसको उद्देश्य कागजातविहीन आप्रवासी वा अस्थायी आगन्तुकका सन्तानलाई जन्मसिद्ध नागरिकता प्रदान गर्नु नभएको जिकिर गर्दै आएको छ । प्रशासनले अमेरिकामा अवैध रूपमा रहेका वा अस्थायी भिसामा प्रवेश गरेका व्यक्तिहरू अमेरिकी संविधानले उल्लेख गरेको 'क्षेत्राधिकारको अधीनमा' नपर्ने व्याख्या गर्दै आएको छ ।

जन्मसिद्ध नागरिकतामाथि नियन्त्रण गर्ने ट्रम्प प्रशासनको पछिल्लो प्रयासलाई उनको कडा आप्रवासन नीतिको निरन्तरता मानिएको छ । उक्त अभियानअन्तर्गत लाखौं कागजातविहीन आप्रवासीलाई निष्कासन गर्ने, विभिन्न देशका नागरिकलाई दिइँदै आएको निर्वासन सुरक्षा हटाउने तथा आप्रवासन प्रणालीलाई थप कडा बनाउने नीति अघि बढाइएको छ ।

# झन्डै ८० वर्षपछि काजाकिस्तानमा फेरि बाघको गर्जन

अस्ताना (काजाकिस्तान)– काजाकिस्तानले लोप भइसकेको बाघलाई करिब ८० वर्षपछि प्राकृतिक बासस्थानमा छाडेको छ । यो कदमलाई मध्य एसियामा बाघ पुनःस्थापना गर्ने महत्त्वाकांक्षी संरक्षण कार्यक्रमको ऐतिहासिक उपलब्धि मानिएको छ ।

काजाकिस्तानमा अन्तिम पटक जंगली बाघ सन् १९४८ मा इली नदी र बाल्खास ताल नजिक देखिएको थियो । त्यसपछि अत्यधिक सिकार, प्राकृतिक बासस्थानको विनाश र बाघले सिकार गर्ने जनावरको संख्यामा कमी आएपछि टुरान (क्यास्पियन) बाघ काजाकिस्तानबाट पूर्ण रूपमा लोप भएको थियो । हाल काजाकिस्तानले त्यसै क्षेत्रमा टुरान बाघको सबैभन्दा नजिकको जीवित नातेदार अमुर (साइबेरियन) बाघलाई पुनःस्थापना गर्ने महत्त्वाकांक्षी संरक्षण कार्यक्रम सञ्चालन गरिरहेको छ । यही योजनाअनुसार प्राकृतिक बासस्थानमा छाडिएको हो ।



**काजाकिस्तानमा बाघलाई प्राकृतिक बासस्थानमा छाडिँदै ।** **तस्बिर : कजाक सरकार**

गत मेमा रुसबाट काजाकिस्तान ल्याइएका चार वटा बाघमध्ये सबैभन्दा पहिला 'उमित' नाम गरेकी बघिनीलाई इले-बाल्खास प्राकृतिक आरक्षमा छाडिएको छ । ३१ जुलाईमा जंगलमा छाड्नुअघि बघिनीलाई दुई महिनासम्म कडा निगरानीमा राखिएको थियो । वन्यजन्तु विज्ञहरूले उसको स्वास्थ्य, व्यवहार र सिकार गर्ने क्षमता मूल्यांकन गरेका थिए । त्यस्तै स्वतन्त्र रूपमा जंगलमा बाँच्न सक्षम छ कि छैन भन्ने सुनिश्चित गरेपछि मात्र बघिनीलाई छाडिएको थियो । वयस्क भाले बाघ भने अझै विशेषज्ञहरूको कडा निगरानीमा छ । त्यसलाई प्राकृतिक बासस्थानमा छाड्न उपयुक्त समय आएको छ वा छैन भन्ने मूल्यांकन भइरहेको छ । ६ महिनाको उमेरमा काजाकिस्तान ल्याइएका दुई डमरुलाई भने १८ महिनाको उमेर नपुग्दासम्म वन्यजन्तु विज्ञहरूको निगरानी र हेरचाहमै राखिनेछ ।

काजाकिस्तानमा बाघ पुनःस्थापना कार्यक्रम दुई चरणमा सञ्चालन भइरहेको छ । पहिलो चरणमा बाघलाई ठूलो घेराबार भएको क्षेत्रमा राखेर स्थानीय वातावरणमा अभ्यस्त बनाइन्छ । दोस्रो चरणमा उनीहरूलाई इले-बाल्खास प्राकृतिक आरक्षको खुला जंगलमा छाडिन्छ । इले-बाल्खास प्राकृतिक आरक्ष संरक्षित क्षेत्र भए पनि त्यहाँ बार (फेन्सिङ) लगाइएको छैन । त्यसैले बाघ आफ्नो प्राकृतिक बासस्थानभर स्वतन्त्र रूपमा विचरण गर्न सक्छन् । जंगलमा छाडिएपछि 'उमित' को गतिविधि निगरानी गर्न संरक्षणकर्मीहरूले घाँटीमा जीपीएस/जीएसएम उपग्रह ट्र्याकिङ कलर जडान गरेका छन् । साथै, आरक्ष आसपासका बासिन्दालाई कुनै बाघ गाउँबाट पाँच किलोमिटरभित्र पुगेमा तत्काल सूचना दिइने व्यवस्था गरिएको छ ।

काजाकिस्तानको वातावरण मन्त्रालयका अधिकारीहरूले आरक्ष नजिक बस्ने नागरिकको सुरक्षा पहिलो प्राथमिकता रहेको बताएका छन् । मानिस र बाघबीच द्वन्द्व हुन नदिन आवश्यक सबै उपाय अपनाइएको र कुनै बाघ बस्ती नजिक आइपुगेमा व्यवस्थापन गर्न विशेष टोली परिचालन गरिने उनीहरूको भनाइ छ ।

बाघका लागि पर्याप्त प्राकृतिक सिकार उपलब्ध गराउन वर्षौंसम्म तयारी गरिएको थियो । सन् २०१८ देखि वन्यजन्तु विज्ञहरूले काजाकिस्तान र रुसबाट हरिण ल्याएका थिए । एल्टिन एमेल राष्ट्रिय निकुञ्जबाट जंगली गधा स्थानान्तरण गरेर बाघका लागि सिकारको संख्या बढाइएको थियो । काजाकिस्तानको वन तथा वन्यजन्तु समितिका अनुसार एउटा वयस्क बाघलाई बाँच्नका लागि वर्षमा करिब ५० देखि ७० वटा ठूला जनावरको सिकार गर्नुपर्छ ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

झम्सीखेल सानेपाको घरजग्गा बिक्रिमा, 9851071590 ,9869363404

धुम्बाराही एरियामा ०-७-१-१ जग्गा घरसहित बिक्रीमा ९८५१०४५८४१

स्वयम्भूमा ३.५/८ आनामा घर ९८१८२५३०१२

भक्तपुरभित्र मात्र घरजग्गा खरिदबिक्री तथा भाडामा लगाउनु परेमा सम्पर्क: ९७६४६४३१३९

जग्गा बिक्रिमा सांगला ४ आनाका टुक्राहरू प्रतिआना २३ लाख सम्पर्क ९८५१३५७९१०

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

Experienced Home Tutor Available 9768565965

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

**चाहियो**

म:ममिस्त्री, वेटर-२ चाहियो तलव १५०००।- ९८४१३१११४२

सुरक्षा गार्ड २० तलब २५०००/- बानेश्वर ०१५२१८५४९ ९८४१४०१८८६

अनुभवी कुक वेटर मसाल्ची ९७६५३४३१९६

अनुभवी वेटर-१, भांडामाझ्ने-१, बानियाटार, भत्केकोपुल ९८६१३९३६५५, ९८१८९२०२२१

डेलिभरिब्वाई आवश्यक बाईकलाईसेन्स भएको खानबस्नको ब्यबस्था ९८४००५७४२६

रिसोर्टकोलागि अलराउण्डर कुक, क्यासियर ९८५१०५९२६९

अफिसमै कर्मचारीहरूको तु-आवस्यकता १६०००/ ९८०३२७४२२७

सेन्डवीच बर्गर बारिस्ता सबै बनाउन जान्ने एजेन्ट ९८०३००८५३७

पोल्ट्री फार्मकोलागि दुईजोडी कामदार तलब: जोडीको-३०,०००।-, ९८५१०५७४०४

**लोण्ड्रीमा कर्मचारी चाहियो लेडिज/जेन्स सम्पर्क ९७०५०००२८८**

आमालाईहेर्ने महिला खानबस्न २०,००० तलब 9841341875

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

*म.अ.क. बाहेक

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

# मापदण्डको बेवास्ताले फेवातालमा मानवीय क्षति बढ्दो

## मापदण्ड पालना र 'स्ट्यान्ड अप प्याडल (एसयूपी) बोर्ड' सञ्चालनसम्बन्धी कार्यविधि नहुँदा फेवातालमा दुर्घटना बढ्दो

**दीपक परियार** (पोखरा)



पछिल्लो समय युवामाझ लोकप्रिय 'स्ट्यान्ड अप प्याडल (एसयूपी) बोर्ड' को मज्जा लिन ९ असारमा पोखरा रामबजारका १९ वर्षीय अमर थापा फेवाताल पुगे। साँझ ६ बजेपछि प्याडल बोर्ड लिएर गएका उनी ६ बजेर ४० मिनेटमा तालमा डुबेर बेपत्ता भए। सशस्त्र प्रहरीको गोताखोरसहितको विपद् व्यवस्थापन टोलीले राति ९:१० बजे २५ फिट गहिराइबाट उनको शव निकाल्यो।

वडा प्रहरी कार्यालय बैदामले प्याडल बोर्ड सञ्चालक कम्पनीका लाइफ गार्डलाई तत्कालै पक्राउ गर्‍यो। कम्पनीका सञ्चालकलाई भोलिपल्ट पक्राउ गरेर दुबैलाई लापरबाहीपूर्वक व्यवसाय गरी ज्यान गुमेको कसुरमा मुद्दा चलायो। हाल उनीहरू धरौटीमा छुटेका छन्।

फेवातालमा डुबेर गत आर्थिक वर्षमा ८ जनाले ज्यान गुमाएका छन्। २७ चैतमा फेवातालमा पौडी खेल्ने क्रममा झापा बिर्तामोड घर भई भारतको सिलगुडी बस्ने ३२ वर्षीय निसु भगत (अग्रवाल) ले ज्यान गुमाए। १८ वैशाखको बिहान ११ बजेर १५ मिनेटमा फेवातालपारि खपौदी बस्ने १० वर्षीय बालक आरेश लामाको पौडी खेल्ने क्रममा डुबेर ज्यान गयो। ७ जेठमा फेवातालमै पौडी खेल्ने क्रममा पोखरा-११ काहुँखोलाका २७ वर्षीय रिवाज गुरुङको डुबेर निधन भयो। ९ असारमा एसयूपी बोर्ड दुर्घटनामा अमर थापाले ज्यान गुमाएकै भोलिपल्ट १० असार साँझ ५:३० बजे तालपारि खपौदीमा माछा मार्ने क्रममा पोखरा-९ नयाँबजारका ३४ वर्षीय शंकर नेपालीले पनि डुबेर ज्यान गुमाए।

त्यस्तै २ फागुनको बिहान २ बजे स्याङ्जा फेदीखोला घर भइ पोखरा मासबार बस्ने २४ वर्षीय अदित गुरुङ कारसहित फेवातालमा खसे। गैह्राको चौतारानजिकै उनले नियन्त्रण गुमाउँदा कार तालमा खसेको थियो। घटनास्थलमै उनको मृत्यु भयो। फेवातालमा दुर्घटना बढ्न थालेपछि जिल्ला प्रशासन कार्यालयले ११ असारमा डुंगा, कायाकिङ तथा सर्फिङ बोटहरू सञ्चालन गर्दा सावधानी अपनाउने सम्बन्धी सूचना जारी गर्‍यो। व्यवसाय दर्ता, सेवाग्राहीको सुरक्षा, बीमा, मौसमको अवस्था र सञ्चालन समयलगायतका विषयमा अनिवार्य व्यवस्था गर्दै प्रशासनले सूचनाविपरीत गतिविधि गरे प्रचलित कानुनअनुसार कारबाही गर्ने चेतावनी दियो। तर दुर्घटना रोकिएन।

२६ असारको दिउँसो तालबाराही मन्दिरमा भारतीय पर्यटकको मृत्यु भयो। साथीहरूको समूहमा पोखरा घुम्न आएका बिहारका ३६ वर्षीय रोहित कुमार एक्कासि ताल बाराही मन्दिरमा खसे। उनी तालमा खसेको थाहा पाउने बित्तिकै नजिकै रहेको रेस्क्यु टावरबाट सशस्त्र प्रहरीको उद्धार टोली पुगे पनि रोहित कुमारको ज्यान बचाउन सकेन। ३१ असारमा सिन्धुली घर भई पोखरा रत्नचोक बस्ने ५० वर्षीय वीरबहादुर राईको शव फेवातालमा तैरिरहेको भेटियो।

फेवातालमा दुर्घटना हुदा सशस्त्र प्रहरीको कालिका गणबाट उद्धार टोली खटिन्छ। फेवातालको बाराहीघाटमा राखिएको फेवा वाच एन्ड रेस्क्यु टावरमा कालिकाको २४ नम्बर गणबाट सशस्त्र प्रहरी खटिन्छन्। गणको तथ्यांकअनुसार आर्थिक वर्ष ०८२/०८३ मा हावाहुरी, लापरबाहीलगायत कारणले डुंगा, कायाक, एसयूपी (सर्फिङ बोर्ड) पल्टिने, मानिस हाम फाल्ने, डुब्नेलगायतका २८ घटना भए। ती घटनामा ८ जनाले ज्यान गुमाए भने ८५ जनाको जीवितै उद्धार हुन सक्यो।

सशस्त्र प्रहरीका गण्डकी प्रदेश विपद् व्यवस्थापन टिमका इन्चार्ज इन्स्पेक्टर विनोद पौडेलका अनुसार रेस्क्यु टावरमा दुई सिफ्टमा १०-१० जना गरी एक दिनमा २० जना सशस्त्र प्रहरी खटिन्छन्। टिममा रहेका १० गोताखोरमध्ये कम्तीमा ३ जना रेस्क्यु टावरमा खटिन्छन्। जिल्ला प्रहरी कार्यालय कास्कीको तथ्यांकअनुसार फेवातालमा डुबेर आर्थिक वर्ष ८०/८१ मा ९ जना र ०८१/८२ मा ४ जनाले ज्यान गुमाएका थिए। तीमध्ये ५ जना बालक थिए।



पोखरास्थित फेवाताल। तस्बिर : कान्तिपुर

फेवतालमा एक दशकदेखि डुंगा चलाइरहेका पुम्दीभुम्दीका कुमार परियारले आफ्नै आाखा अगाडि धेरै दुर्घटना देखेका छन्। पछिल्लो समय एसयूपी बोर्ड धेरै पल्टिँदा दुर्घटना बढेको उनी बताउँछन्। 'अहिलेको नयाँ बोर्ड (एसयूपी) मा एक्लै जाने, लाइफ ज्याकेट खोलेर पौडी खेल्ने, रक्सी खाएर पौडिने गर्दा दिनदिनै दुर्घटना हुन्छ,' उनले भने, 'यो बोर्ड सानो हावाहुरी आए पनि पल्टिन्छ अनि पौडी खेल्न नजान्नेहरू डुब्न धेरै बेर लाग्दैन।' ठूलो हावाहुरी चल्दा रेस्क्यु टावरमा रहेका सशस्त्र प्रहरीले मात्रै नभ्याएर कतिपल्ट काठका डुंगा चालक उद्धारमा खटिने गरेको उनले सुनाए।

फेवा डुंगा व्यवसायी समितिका अध्यक्ष बलराम गिरीका अनुसार समितिअन्तर्गत हाल ७ सय ६७ काठका डुंगा र ७२ ठूला डुंगा छन्। कम्पनी, रेस्टुरेन्ट, होटलदेखि व्यक्तिगत रुपमा करिब साढे तीन दर्जनले सयौंको संख्यामा एसयूपी बोर्ड फेवातालमा चलाएका छन्। यद्यपि, यसको तथ्यांक प्रशासन वा महानगरसँग छैन।

प्रतिघण्टा एक एसयूपी बोर्ड चलाएको २ सय रुपैयाँबाट सुरु हुन्छ। तीमध्ये ५ वटा कम्पनीले मात्रै वडाबाट इजाजत लिएर एसयूपी बोर्ड सञ्चालन गरिरहेको गिरीले बताए। 'एक त एसयूपी बोर्ड असुरक्षित छ, छाल आउनेबित्तिकै पल्टिन्छ। अर्को कुरा नियमनबिना नै सञ्चालनमा छन्,' उनी भन्छन्, 'महानगरले कार्यविधि नबनाउँदा मनपरि भएको छ। अनुगमन पनि छैन।' फेवातालमा ७-८ वर्षअघि प्याडल नेपालले एसयूपी भित्र्याए पनि ठूलो संख्यामा दुई वर्षयता भित्रिएर लोकप्रिय भएको हो।

फेवाताल सञ्चालित जलपर्यटन व्यवसाय दर्ता नगरी सञ्चालन गर्ने, मूल्य सूची नराख्ने, सेवाग्राहीलाई बिल नदिने, बीमा नगर्ने तथा असुरक्षित ढंगले सेवा सञ्चालन गर्ने गरेको भन्ने व्यापक गुनासो प्राप्त भएपछि सूचना जारी गरेको सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले बताए। प्रशासनले यसअघि दिएको निर्देशनसमेत अटेर गरिएको र पर्यटक सुरक्षा सतर्कता नअपनाउँदा उद्धार गर्नुपर्ने अवस्थासमेत सिर्जना भएको उल्लेख गरेको छ।

> ०८२/०८३ मा हावाहुरी, लापरबाहीलगायत कारणले डुंगा, कायाक, एसयूपी (सर्फिङ बोर्ड) पल्टिने, मानिस हाम फाल्ने, डुब्नेलगायतका २८ घटना भए, ती घटनामा ८ जनाले ज्यान गुमाए

११ असारमा जारी सूचनामा अबदेखि व्यवसाय सम्बन्धित निकायमा दर्ता तथा नवीकरण गरेपछि मात्र सेवा सञ्चालन गर्न पाइने, सबै सेवाग्राहीले अनिवार्य रूपमा लाइफ ज्याकेट लगाउनुपर्ने, लाइफ ज्याकेटबिना डुंगा, कायाकिङ वा सर्फिङ गर्न पूर्ण रूपमा रोक लगाइएको उल्लेख छ।

सेवा सञ्चालनअघि सेवाग्राहीलाई डुंगा, कायाकिङ र सर्फिङ गर्ने तरिका, आइपर्न सक्ने जोखिम, समस्या समाधानका उपाय तथा अपनाउनुपर्ने सुरक्षासम्बन्धी पूर्व जानकारी दिनुपर्ने, सेवा प्रदायकले सेवाग्राहीको गतिविधि निरन्तर निगरानी गर्नुपर्ने र समस्या परे तत्काल उद्धार तथा सहयोग उपलब्ध गराउनुपर्ने प्रशासनले जनाएको छ।

व्यवसायी वा सञ्चालकले धूमपान, मद्यपान वा लागूपदार्थ सेवन गरेर सेवा सञ्चालन गर्न नपाइने, त्यस्तो गरेको आशंका भएका व्यक्तिलाई पनि सेवा दिन नपाइने व्यवस्था गरिएको छ। १६ वर्ष वा त्यसभन्दा कम उमेरका बालबालिकालाई अभिभावकबिना एक्लै डुंगा, कायाकिङ वा सर्फिङ गर्न पनि निषेध गरिएको छ। प्रशासनले जोखिमयुक्त क्षेत्रमा जलपर्यटन गतिविधि सञ्चालन गर्न वा गराउन रोक लगाएको छ। सेवा प्रदान गर्दा सेवाग्राहीलाई अनिवार्य रूपमा बिल उपलब्ध गराउनुपर्ने र स्वीकृत क्षमताभन्दा बढी संख्यामा यात्रु राख्न नपाइने व्यवस्था गरेको छ। स्वीकृत सेवाग्राही संख्याअनुसार बिमा गर्नुपर्ने पनि सूचनामा उल्लेख छ।

कुनै दुर्घटना भए सेवा प्रदायकले तत्काल उद्धार गर्नुपर्ने, नेपाल प्रहरीको फेवातालमा खटिएको उद्धार टोली वा सुरक्षा निकायलाई तत्काल जानकारी गराउनुपर्ने तथा घाइतेलाई नजिकको अस्पताल पुर्‍याई उपचारको व्यवस्था मिलाउनुपर्ने जिम्मेवारी पनि तोकिएको छ।

मनसुनका कारण कास्कीमा दैनिकजसो हावाहुरी, चट्याङ र मध्यम वर्षाको जोखिम रहेकोले मौसम सामान्य रहे पनि दिउँसो २ बजेपछि डुंगा, कायाकिङ र सर्फिङ सञ्चालन नगर्न प्रशासनले निर्देशन दिएको थियो। वर्षायाममा एक्कासि हावाहुरी चल्ने र पानी पर्ने सम्भावना रहने भएकाले अपरिहार्य अवस्थामा उक्त समयपछि सेवा दिनुपरे नजिकको सुरक्षा निकायसँग समन्वय गरेर मात्र सञ्चालन गर्न भनिएको छ।

यसैगरी साँझ ६ बजेपछि सबै जलपर्यटनसम्बन्धी गतिविधि पूर्णरूपमा बन्द गर्नुपर्ने, हावाहुरीको समयमा विशेष सतर्कता अपनाउनुपर्ने तथा पर्यावरणीय सुन्दरता र स्वच्छता कायम राख्नुपर्ने निर्देशन पनि प्रशासनले दिएको थियो।

यो सूचना जारी हुनुअघि नै प्रशासनले डुंगा चलाउने समय साँझ ६ बजेसम्मको लागि तोकेको थियो। उक्त सूचनाको बेवास्ता गर्दै डुंगा र एसयूपी बोर्ड सञ्चालन गर्दा दुर्घटना बढेको वडा प्रहरी कार्यालय बैदामका डीएसपी नमराज भट्टराई बताउँछन्। 'हामीले मापदण्ड पालना नगर्नेलाई पटक-पटक नियन्त्रणमा लिने र अबदेखि पालना गर्ने कागज गराएका छाडेका छौं,' उनले भने, 'मादक पदार्थ सेवन गरेर पौडी खेल्दा दुर्घटना भएका छन्।'

पोखरा महानगर प्रमुख धनराज आचार्य पानीमा हुने सबैखाले खेललाई नियमन र व्यवस्थित गर्न जल परिवहन सम्बन्धी ऐन महानगरले तयार गरेको बताए। 'केही दिनभित्रै राजपत्रमा प्रकाशित गरेपछि ऐन कार्यान्वयनमा आउनेछ,' उनले भने, 'दर्ता प्रक्रिया र मापदण्ड तोकेर नियमन गरेपछि दुर्घटनामा पनि कमी आउने विश्वास लिएका छौं।'

# भदौमा आन्दोलन गर्ने शिक्षक महासंघको घोषणा

काठमाडौं (कास)- नेपाल शिक्षक महासंघले भदौमा आन्दोलन गर्ने घोषणा गरेको छ। सरकारसँग विभिन्न माग राख्दै पूरा नभए भदौदेखि आन्दोलन गर्ने महासंघले जनाएको हो।

शुक्रबार तेस्रो राष्ट्रिय परिषद्का निर्णय र मागहरू सार्वजनिक गर्न महासंघले काठमाडौंमा पत्रकार सम्मेलन आयोजना गरेको थियो। महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले माग पूरा नभए पुन: आन्दोलनका कार्यक्रम सञ्चालन गरिने बताए। महासंघले वैशाख २०८२ मा काठमाडौंकेन्द्रित भएर २९ दिनसम्म सडक प्रदर्शन गरेको थियो। सरकारसँग सहमति भएपछि आन्दोलन फिर्ता भएको थियो।

महासंघले शिक्षकको वृत्तिविकाससम्बन्धी विभिन्न माग अघि सारेको छ। शिक्षा ऐन तुरुन्त जारी हुनुपर्ने माग राखिएको छ। २०८२ मा त्यही माग लिएर देशभरका शिक्षकले काठमाडौंमा आन्दोलन गरेका थिए। प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिबाट पारित शिक्षा विधेयक गत भदौमा संसद् विघटन भएपछि शून्यतामा गएको थियो। १९ वैशाख २०८२ मा सरकार र महासंघबीच ९ बुँदे सहमति भएको थियो। उक्त सहमति कार्यान्वयन गर्न महासंघले भनेको छ। सहमतिमा तत्काल विद्यालय शिक्षा ऐन जारी गर्ने विषय पनि उल्लेख थियो।

शिक्षा तथा खेलकुदमन्त्री पोखरेलले भने हतार नगरी आवश्यक समय लिएर विधेयक अघि बढाउने बताउँदै आएका छन्। ऐनबाट शिक्षक, कर्मचारीका सेवा सुविधाको सुनिश्चितता हुनुपर्ने माग महासंघले राख्दै आएको छ। बालकक्षा (ईसीडी), राहत शिक्षक, विद्यालय कर्मचारीका लागि स्थायी दरबन्दी सिर्जना गरी तलबभत्ताको व्यवस्था गर्न माग राखिएको छ।

सरकारले ईसीडी शिक्षक र विद्यालय कर्मचारीलाई विभेद गरेको भन्दै महासंघले आपत्ति जनाउँदै आएको छ। आर्थिक वर्ष २०८३/०८४ को बजेटमा शिक्षकहरूको तलब वृद्धि गर्दा ईसीडी शिक्षक र विद्यालय कर्मचारीको वृद्धि गरिएको थिएन। उनीहरूलाई पनि उपर्युक्त सुविधा उपलब्ध गराउनुपर्ने अध्यक्ष सुवेदीले बताए। निजामती कर्मचारी सोसरह शिक्षकले पनि दुर्गम भत्ता पाउनुपर्ने महासंघको माग छ। अध्यक्ष सुवेदी र महासचिव तुलाबहादुर थापाले जारी गरेको विज्ञप्तिमा सामुदायिक विद्यालयका विद्यार्थीका लागि छात्रवृत्ति र खाजा रकम वृद्धि गर्नुपर्ने माग राखिएको छ। सरकारले छात्रवृत्तिमा न्यून रकम र खाजाबापत दैनिक १५ रुपैयाँ उपलब्ध गराउँदै आएको छ।

त्यस्तै विद्यालयमा विद्युत् र पानी महसुलमा छुट दिने व्यवस्था गर्न माग राखिएको छ। माध्यमिक तहसम्मको शिक्षा पूर्णत: नि:शुल्क गर्नुपर्ने र त्यसका लागि शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत रकम छुट्याउनुपर्ने भनिएको छ। हाल सरकारले शिक्षा क्षेत्रमा ११ प्रतिशत हाराहारीमा मात्र बजेट छुट्याउँदै आएको छ। बजेट अभावका कारण संविधानले नै व्यवस्था गरेको अनिवार्य तथा नि:शुल्क शिक्षाको व्यवस्था कार्यान्वयन हुन सकेको छैन। १६ र १७ साउनमा काठमाडौंमा महासंघको बैठक बसेको थियो। बैठकले माग पूरा गराउन दबाब दिन आन्दोलन गर्ने निर्णय गरेको र छिट्टै आन्दोलनका कार्यक्रमसमेत घोषणा गरिने अध्यक्ष सुवेदीले जनाए।


भावपूर्ण श्रद्धाञ्जली



जन्म: १६ श्रावण १९९५

स्वर्गारोहन: ११ श्रावण २०८३

स्व. चन्द्र कुमारी कार्की

हाम्रो पूजनीय मुवा चन्द्र कुमारी कार्कीको असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।
परमेश्वरसँग उहाँको दिव्य आत्माको चीरशान्तिको कामना गर्दै उहाँले देखाउनुभएको माया, स्नेह र संस्कारलाई सदैव स्मरण गरिरहनेछौं।

छोरा/बुहारी:
केशव जङ्ग/रचना कार्की
ज्योती जङ्ग/रुपा कार्की

छोरी/ज्वाईं
मधु/गोविन्द खड्का
रेणु/सुरेश थापा

नाती/नातिनी
आयुषा कार्की, आयुष जङ्ग कार्की
आर्निश जङ्ग कार्की, अलिशा कार्की
आयुष जङ्ग कार्की (जुनियर)

नाती/नातिनी
पुरक खड्का
पुरन खड्का
शिशिर थापा
सुबिर थापा

एवं
समस्त कार्की परिवार

भावपूर्ण श्रद्धाञ्जली



जन्म: १६ श्रावण, १९९५

स्वर्गारोहण: ११ श्रावण, २०८३

स्व. चन्द्र कुमारी कार्की

यस पञ्चकन्या ग्रुपका कार्यकारी निर्देशक उदिप श्रेष्ठ ज्यूको श्रीमती आयुषा कार्कीकी हजुरआमा चन्द्र कुमारी कार्कीको असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

पञ्चकन्या ग्रुप
परिवार

# प्रतिबन्धित कुवेतमा...

१० माघ २०८० देखि लागू हुने गरी त्रिभुवन विमानस्थलको अध्यागमन प्रशासनले भिजिट भिसा, होटल बुक, दुईतर्फी टिकट र स्वघोषणा गरेपछि पर्यटक भिसामा जान दिँदै आएको छ। त्यसैले शान्तिलाई अगाडि बढ्न कुनै रोकतोक भएन। जबकि ओमानको टिकट भए पनि शान्तिको गन्तव्य कुवेत थियो। त्यही देश, जहाँ नेपाली घरेलु महिला श्रमिकका लागि प्रतिबन्ध छ। वैदेशिक रोजगार विभागले कुवेतसहित खाडी र मलेसियामा घरेलु श्रमिकका रूपमा काम गर्न जानेलाई २१ चैत २०७३ देखि श्रम स्वीकृति बन्द गरेको छ। तर शान्तिजस्ता हजारौं महिला सरकारी प्रतिबन्धका बाबजुद प्रतिबन्धित देशहरूमा पुगिरहेका छन्।

शान्तिका अनुसार उनी ओमान पुगेपछि कुवेती घर मालिकको सम्पर्कमा रहेका ओमानको एउटा म्यानपावर एजेन्टले रिसिभ गर्‍यो। यो म्यानपावरको सम्पर्क कुवेत र नेपाल दुवै देशमा भएकाले शान्तिजस्ता महिलालाई पर्यटक भिसामा ओमान ल्याउने र त्यहाँबाट कुवेत पठाउने गर्दोरहेछ। उनले सुनाइन्, 'एजेन्टले भिजिट भिसामा ओमान पठाइदियो। त्यहाँ दुई दिन राख्यो अनि कुवेतको घरेलु श्रमिकको भिसा नम्बर १८ नै बोकेर उडें।'

यसरी ओमानबाट कुवेत उड्नेमा शान्ति एक्लो थिइनन्। उनले ओमानमा अरू १२ नेपाली महिला पनि भेटिन्। उनीहरू सबै शान्तिजसरी नै कुवेत उड्न लागेका थिए। शान्तिले सुनाइन्, 'कुवेतको एयरपोर्टमा लिन मालिक नै आउनु पर्दोरहेछ। मालिकसँग फुपू दिदी आउनुभएको थियो।' यसरी प्रतिबन्धित देश पुगेकी शान्तिले ८ महिनामा ४ लाख कमाएर घर पठाइवरी पुरानो ऋण घटाइसकेको बताइन्।

तेह्रथुमकी सुनिता लिम्बूले 'हाउस मेड' को काममा कुवेत जाँदा पैसा लाग्दैन भन्ने सुनेपछि उनी यता आइपुगिन्। 'पैसा नभएर विदेश जान लागेको हो। कम्पनीको काममा जान ३-४ लाख रुपैयाँ लाग्छ। त्यत्रो पैसा हामीलाई कसले पत्याउँछ ? ऋणको भारी कसरी बोक्ने ? एक पैसा नतिरी कुवेत आउन पाइयो,' उनले सुनाइन्, '५ वर्षको छोरा र बिरामी श्रीमान्को दायित्व छ। छोरो पढाउन र श्रीमान्लाई नियमित औषधि खुवाउनकै लागि यता आएँ। अहिले मासिक ५०-६० हजार घर पठाइरहेको छु।'

सरकारले प्रतिबन्ध लगाएको कुवेतमा हजारौं नेपाली महिला घरेलु कामदारको हैसियतमा काम गरिरहेका छन् भन्ने सरकारी संयन्त्रलाई थाहा नभएको विषय होइन। कुवेतको परराष्ट्र मन्त्रालयले दुई साताअघि कुवेतको राजधानी कुवेत सिटीस्थित नेपाली दूतावासलाई पठाएको विवरणअनुसार गत ३० जुनसम्म कुवेतमा कार्यरत नेपाली घरेलु श्रमिकको संख्या ६८ हजार ९ सय थियो। त्यसबाहेक निजी क्षेत्रको प्रतिष्ठानमा १ लाख १५ हजार र सरकारी सेवामा ४ सय २१ जना छन्।

नियमन गर्ने सरकारी संस्था पब्लिक अथोरिटी फर सिभिल इन्फर्मेसनद्वारा प्रकाशित तथ्यांकअनुसार कुवेतमा २८ लाख ५ हजार ६ सय ७९ जना विदेशी श्रमिक छन्। जसमा घरेलु श्रमिकको संख्या ८ लाख ८३ हजार ३ सय ८ छ।

**कुवेतमा वैध, नेपालमा अवैध**

कुवेतको कानुनले घरेलु श्रमिक ल्याउन रोकेको छैन। कुवेत पब्लिक अथोरिटी फर म्यानपावर (पाम) ले घरेलु श्रमिक ल्याउन र रोजगारदाता (घर मालिक वा स्पोन्सर) लाई दिनका लागि कानुनी रूपमा कुवेती म्यानपावर कम्पनीलाई इजाजतपत्र (लाइसेन्स) दिएको छ। सन् २०२५ सम्म यस्तो लाइसेन्स पाउने म्यानपावर कम्पनी ४८८ वटा छन्।

गत जुनमा कुवेतको गृह मन्त्रालयले घरेलु श्रमिक क्षेत्रसम्बन्धी नियमावली अद्यावधिक गर्दै घरेलु श्रमिक भर्ना गर्न पाउने स्रोत मुलुकमा नेपालसहित १० देशमा सीमित गरेको छ। नयाँ निर्देशनअनुसार कुवेतले नेपाल, दक्षिण अफ्रिका, बेनिन, इरिट्रिया, इथियोपिया, फिलिपिन्स, श्रीलंका, भारत, भियतनामका घरेलु श्रमिक भर्ना गर्न पाउनेछन्। सेनेगलबाट भने पुरुष घरेलु श्रमिक मात्र भर्ना गर्न पाइने व्यवस्था गरिएको छ। कुवेतस्थित स्थानीय सञ्चारमाध्यमहरूले अन्य २७ देशबाट घरेलु श्रमिक भर्नामा प्रतिबन्ध लगाएको उल्लेख गरेका छन्। आन्तरिक मन्त्रालयले कुवेतको परराष्ट्र, स्वास्थ्य तथा सार्वजनिक श्रम प्राधिकरणको सुझाव र सिफारिसका आधारमा यस्तो व्यवस्था गरिएको हो।

नेपालले घरेलु श्रमिकमा जान प्रतिबन्ध लगाए पनि कुवेतको कानुनले त्यहाँ जुनसुकै बाटोबाट पुगे पनि नेपाली महिला श्रमिकलाई वैधानिक (लिगल) मान्छ। कुवेतका लागि पूर्वराजदूत मधुवन पौडेलका अनुसार घरेलु श्रमिकमाथि प्रतिबन्ध लगाउने नेपाल सरकारको निर्णयसँग गन्तव्य देश कुवेत खुसी छैन। 'हामीले घरेलु श्रमिक नेपालको अनुमति नलिई आएको हुँदा गैरकानुनी हैसियतमा आएका छन् भन्दा गन्तव्य देश असाध्यै रिसाउँछन्। हाम्रो आँखा घरेलु श्रमिक गैरकानुनी हैसियतको भए पनि गन्तव्य देशको आँखामा उनीहरू वैधानिक हुन्छन्,' पौडेलले भने, 'गन्तव्य देशको आँखामा राहदानी दिनु भनेको विदेश यात्रा गर्न दिइएको अनुमति हो भनेर बुझ्छन्। तिमीहरू (नेपाल) ले यहाँ आइसकेका मान्छेलाई अवैधानिक भन्न मिल्दैन भन्ने कुवेतीहरूको तर्क छ।'

कुवेतको घरेलु श्रम बजारका लागि नेपाल प्रमुख स्रोत मुलुक हो। कुवेतमा घरेलु महिला लैजाने एक म्यानपावर कम्पनीमा कार्यरत नेपाली महिलाले आफ्नो कम्पनीले हरेक महिना ३५ नेपाली महिला कुवेतमा घरेलु कामदारका लागि ल्याइरहेको बताइन्। उनले भनिन्, 'कुवेतीले घरको काम गर्न नेपाललाई नै प्राथमिकतामा राख्छन्। नेपाली पाएन भने मात्र अन्य देशको कामदार रोज्छन्।' उनले आफूहरूले नेपालबाट २२ देखि ४९ वर्ष उमेर समूहका महिलालाई कुवेत ल्याइरहेको बताउँदै भनिन्, 'धेरैजसो त आफन्तकै सम्पर्कबाट आउने हो। मेरो मान्छेलाई ल्याइदिनु भन्दै धेरै जना सिफारिसमा आउँछन्।'

ती कर्मचारीका अनुसार एक जना घरेलु श्रमिक उपलब्ध गराएबापत रोजगारदाताले म्यानपावर कम्पनीलाई सेवा शुल्कबापत ७५० दिनार (३ लाख ७० हजार रुपैयाँ) दिने गर्छ। 'यो सेवा शुल्क कुवेत सरकारले नै तोकेको हो। हामी यसको रसिद नै दिन्छौं,' उनले भनिन्, 'रोजगारदाताले लिएर गइसकेपछि ६ महिनासम्म परीक्षणकाल हुन्छ। ६ महिनाभित्र कुनै समस्या भएन भने रोजगारदाताले २ वर्षसम्म आफूसँग काममा लगाउन पाउँछ। ६ महिनाबाट एक दिन कटेपछि रोजगारदाताको घरबाट फिर्ता ल्याउन वा नेपाल पठाउन म्यानपावर कम्पनीको केही चल्दैन।' उनले यसरी नेपाली महिला कामदार ल्याउन म्यानपावरले नेपालमा एजेन्टसँग सम्झौता गरेको बताइन्। सबै खर्च ती एजेन्टले बेहोर्ने भएकाले बिनाकुनै खर्च महिला कामदार कुवेत आइपुग्ने उनको भनाइ छ। भनिन्, 'यसरी कामदार ल्याउने एजेन्टले प्रतिश्रमिक ७५० दिनार (३ लाख ७० हजार रुपैयाँ) कमिसन पाउँछन्।'

कामदार ल्याउने खर्च नै सम्बन्धित कम्पनी वा रोजगारदाताले बेहोर्ने भएकाले केही समस्या भएमा कामदार घर फर्किन चाहेमा उनीहरूलाई पठाउने प्रक्रिया भने जटिल छ। जसले गर्दा महिला कामदार चाहेका बेला फर्कन पाउँदैनन्। यस्तै समस्याको भुक्तमान हुन् एक महिनादेखि थुनिएकी रामेछापकी सीता सार्की। कुवेत आएको ५ महिनापछि रातदिन काम गर्नुपरेको र स्वास्थ्य पनि बिग्रेको भन्दै उनी घर फर्किन खोजिन्। तर उनका मालिकले उनलाई एजेन्सी (म्यानपावर कम्पनी) मा फिर्ता पठाइदियो। तर म्यानपावरले भने उनलाई स्वदेश फर्किने भए लागेको खर्च अर्थात् ७५० दिनार देऊ भनेर मागिरहेको छ। उनले सुनाइन्, 'कि पैसा दिएर जाऊ कि अर्को घरमा काम गर्न जाऊ भनिरहेको छ। मलाई कतै निस्कन नदिने गरी थुनेर राखेका छन्।' कुवेतको कानुनअनुसार एक जना घरेलु श्रमिकले ५ पटकसम्म साहु (स्पोन्सर) परिवर्तन गर्न पाउँछ।

सीताको भन्दा चर्को समस्या छ, बागलुङकी निरू राना मगरको। आफूले काम गर्ने घरमा निरन्तरको धम्की र कुटपिट भएपछि उनी भागेर त्यहाँस्थित नेपाली दूतावाससम्म जाने योजनामा छिन्। तर दूतावासले भने त्यहाँ ठाउँ नभएको भन्दै उनलाई नआउन भनिरहेको छ। उनले सुनाइन्, 'भागेर दूतावास जाऊ भनेको तर दूतावासले बस्ने ठाउँ छैन भन्छ। जबकि मेरैजस्तो अरू देशका कामदारलाई भने उनीहरूको देशले तुरुन्तै उद्धार गर्छ।'

उनले रोजगारदाता घरधनीबाट निरन्तर कुटाइ खान परिरहेको र यस्तो समस्या अरू नेपाली दिदीबहिनीले पनि भोगिरहेको बताइन्। कुवेतस्थित नेपाली दूतावासको भने आफ्नै समस्या छ। दूतावासका अनुसार भागेर आउने वा समस्यामा परेका कामदार राख्न दूतावासभित्र सेल्टर त छ तर त्यहाँ १० जना मात्रै अट्छन्। जबकि दूतावासले अहिले त्यहाँ ४० जनालाई कोचाकोच गरेर राखेको छ।

कुवेतमा नेपाली महिला श्रमिकको समस्या कति चर्को छ भनेर बुझ्न दूतावासले गरिरहेको काम हेर्नुपर्छ। दूतावासले गत वर्ष १ हजार ४ सय १६ जना नेपाली महिलालाई उद्धार गरी स्वदेश पठायो। दूतावासले बिचौलियामार्फत आएका महिलाको उद्धार, सहायता, बिमा, क्षतिपूर्ति, सामाजिक सुरक्षा तथा कानुनी सहायता र प्रतिरक्षाको काममा असहज भइरहेको बताउँदै आएको छ। किनकि दूतावाससँग अवैध भनिएको गन्तव्यमा कति नेपाली महिला कामदार कहाँ-कहाँ र कस्तो अवस्थामा छन् भन्नेबारेको विवरण छैन। कुवेतका लागि नेपाली राजदूत घनश्याम लम्सालले भने, 'घरेलु श्रमिकका विषयमा भन्नुपर्ने निकायमा प्रस्ट भनेका छौं। उद्धारमा निकै ठूलो जटिलता छ।'

**प्रतिबन्धको त्यो पृष्ठभूमि**

घरेलु श्रमिकलाई व्यवस्थापन गर्न भन्दै पछिल्लो पटक १३ असोज २०७७ मा संसदीय समितिले श्रम मन्त्रालयलाई ७ बुँदे निर्देशन दिएको थियो। त्यही निर्देशनका आधारमा श्रम मन्त्रालयले कुवेतसहित खाडी मलेसियामा जाने घरेलु श्रमिकलाई श्रम स्वीकृतिमा प्रतिबन्ध लगायो। उक्त ७ बुँदेमा नेपालबाट घरेलु श्रमिक लान चाहने देशमा सेवा, सर्त र सुरक्षा सम्बन्धमा छुट्टै र ठोस कानुनी व्यवस्था रहेको, द्विपक्षीय श्रम सम्झौतामा श्रमिकको आधारभूत श्रम अधिकार (पारिश्रमिक, बिदा (साप्ताहिक/वार्षिक), सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्य घण्टा, २४ घण्टे बिमा, अतिरिक्त कामको थप सुविधा आदिको सुनिश्चितता भएको हुनुपर्नेछ भन्ने विषय उल्लेख छ।

उक्त निर्देशनमा द्विपक्षीय श्रम सम्झौतामा घरेलु कामदारले भोग्नुपर्ने समस्या समाधानका लागि बलियो र प्रभावकारी द्विपक्षीय संयन्त्रको व्यवस्था गरिएको, घरेलु कामसम्बन्धी आधारभूत तालिम प्राप्त गरेको, सम्बन्धित मुलुकमा बोलिने भाषामा संवाद गर्न सक्ने गरी ज्ञान भएको, सम्बन्धित मुलुकको परम्परा, संस्कार र संस्कृतिका बारेमा आधारभूत जानकारी हासिल गरेको हुनुपर्ने विषय पनि समेटिएको छ।

श्रम विभागका प्रवक्ता पीताम्बर घिमिरेले संसदीय समितिको निर्देशनअनुसार साउदी, कुवेत, कतारलगायत देशसँग श्रम सम्झौता आदानप्रदान चलिरहेको बताए। उनले मस्यौदामाथि दुईपक्षीय छलफल जारी रहेको पनि बताए। उनले भने, 'कुवेतसँग श्रम सम्झौता गर्ने प्राथमिकतामा सरकार छ। यो कूटनीतिक रूपमा आदानप्रदान भइरहेको छ। तर अझै टुंगोमा भने पुगिसकेको छैन।'

कुवेतका लागि पूर्वराजदूत मधुवन पौडेलले घरेलु श्रमिकको भर्ना प्रक्रियालाई व्यवस्थित हुनबाट रोक्ने काम संसदीय समितिबाट अनावश्यक हस्तक्षेप भइरहेको बताए। 'यो क्षेत्रलाई बिगारेको नै संसदीय समितिले हो। संसद्मा जसले कुरा राख्छ, उसले घरेलु श्रमिकले भोग्ने समस्याको चुरो नै बुझेका छैनन्,' पौडेलले कान्तिपुरसँग भने, 'कि पूर्ण रूपमा रोक्न सक्नुपर्छ। नत्र मानव तस्करी भएर महिला खाडीमा पुगिरहेका हुन्छन्। रोकेर समाधान हुँदैन।'

परराष्ट्र मन्त्रालयको मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखा प्रमुख रामकाजी खड्काको संयोजकत्वमा गठित उच्चस्तरीय समितिको प्रतिवेदनअनुसार श्रम स्वीकृतिमा बन्देज लगाउनुअघि श्रम स्वीकृति लिएर कुवेतमा ८ हजार जना घरेलु श्रमिक पुगेका थिए। गत साउनमा परराष्ट्र र श्रम मन्त्रालयमा बुझाइएको यो प्रतिवेदनअनुसार भिजिट भिसाका माध्यमबाट वैदेशिक रोजगारीमा गएका श्रमिकबाट मानव बेचबिखन तथा ओसारपसारमा संलग्न व्यक्ति/गिरोहले अवाञ्छित लाभ लिने गरेको छ। 'अवैध बाटोबाट गन्तव्यमा पुगेका श्रमिकले शारीरिक, मानसिक तनाव र मनोवैज्ञानिक समस्याका कारण आत्महत्याको बाटो रोज्ने क्रम बढ्दै गएको छ,' प्रतिवेदनमा भनिएको छ, 'घरेलु श्रमिकलाई रोक लगाउँदा महिलाको शोषण र ठगी झनै बढेको छ।'

उक्त प्रतिवेदनमा घरेलु श्रमिकका रूपमा सबैभन्दा बढी अति गरिब, विपन्न र एकल महिला जाने गरेको उल्लेख छ। प्रतिवेदनमा सबैभन्दा बढी झापा, सिन्धुपाल्चोक, मकवानपुर, मोरङ, काठमाडौं, काभ्रे, इलाम, नुवाकोट, सुनसरी र चितवनबाट महिला घरेलु श्रमका लागि विदेश गएको उल्लेख छ। यो समितिले यूएई, बहराइन, कुवेत, ओमान, कतार र साउदी अरबमा मात्रै पछिल्ला चार वर्षभित्र भिजिट भिसा प्रयोग गरी गएका महिलाको संख्या १ लाख ७ सय ७८ छ भनेर निकालेको छ। तर यसरी जानेमध्ये कति घुम्न र कति घरेलु श्रमका लागि गएका हुन् भन्ने प्रस्ट छैन।

पछिल्लो पटक २५ वैशाख २०८२ मा परराष्ट्र सचिव अमृतकुमार राईले संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा बोल्दै खाडी मुलुकमा बन्देज लगाउँदा लगाउँदै पनि ठूलो संख्यामा विभिन्न तरिकाले नेपाली महिला घरेलु कामदारका रूपमा गइरहेको जानकारी दिएका थिए।

श्रम आप्रवासन विज्ञ सरू जोशी श्रेष्ठले मुलुकभित्रै रोजगारी सुनिश्चित नभएसम्म महिलालाई कुनै ऐन कानुनले वैदेशिक रोजगारमा जान नरोकिने बताइन्। उनले भनिन्, 'जबसम्म मुलुकमा रोजगारी हुँदैन, तबसम्म महिला विदेश जाने क्रम रोकिँदैन। यसलाई व्यवस्थित गर्नुपर्छ।'

कुवेतमा घरेलु श्रमिकका रूपमा कार्यरत उमा निरौलाले आफूहरूले कानुनी हैसियतमा काम गर्न पाउनुपर्ने माग गरिन्। 'पहिला नेपालमा रोजगारीको सिर्जना गर। त्यस पछाडि राहदानी दिन बन्द गर। तिमीहरूको आम्दानीको स्रोतचाहिँ जहिले पनि खुला गर्नुपर्ने ?'

कुवेतमा कार्यरत अरू धेरै नेपाली महिलाको भनाइ पनि उमाकै जस्तो छ। उनीहरू पनि सरकारी प्रतिबन्धले समस्या समाधान नहुने दाबी गर्छन्। निरौलाले टिकटकमार्फत सरकारलाई प्रश्न गरेकी छन्, 'गरिब, दुःखीको चुलो बल्नु पर्दैन ? अर्काका छोरीचेली र बच्चाहरूले पढ्नु पर्दैन ?'

# कांग्रेसको सशस्त्र विद्रोह समेटिएको दस्तावेज प्रकाशित


**'बीपी र विद्रोहका ती दिन' पुस्तकमा बीपी कोइरालाको सशस्त्र संघर्षदेखि राष्ट्रिय मेलमिलापको नीतिसम्मको यात्रा र त्यससँग जोडिएका राजनीतिक घटनाक्रमको महत्वपूर्ण कालखण्डलाई संस्मरणमार्फत प्रस्तुत गरिएको छ**

**कान्तिपुर संवाददाता** (काठमाडौं)

पञ्चायती व्यवस्थाविरुद्ध बीपी कोइरालाको नेतृत्वमा भएको सशस्त्र संघर्ष, त्यसमा संलग्न राजनीतिकर्मीको भूमिगत जीवन र उनले राष्ट्रिय मेलमिलापको नीति लिएर २०३३ सालमा स्वदेश फर्किने निर्णय गर्दासम्मका घटनाक्रम समेटिएको पुस्तक 'बीपी र विद्रोहका ती दिन' बजारमा आएको छ।

कोइरालाले स्वदेश फर्कनुअघि आफ्ना तीन विश्वासपात्रलाई नेपाल पठाएका थिए। तीमध्ये एक हुन्- इलामका धर्म गौतम। गौतमले लेखेको पुस्तकमा कोइरालासँगको आफ्नो राजनीतिक सहकार्य र भारत निर्वासनका क्रममा देखे-भोगेका घटनालाई संस्मरणात्मक शैलीमा प्रस्तुत गरेका छन्।

पुस्तकमा नेपाली राजनीतिका कतिपय अनुद्घाटित प्रसंगसमेत समेटिएको गौतमले बताए। 'इलामबाट सुरु भएको मेरो राजनीतिक यात्रा कसरी भारतको नक्सलबारी, बनारस, बिहार हुँदै काठमाडौंसम्म तन्किएको थियो ? त्यस क्रममा देखे-भोगेका घटनाहरू के थिए ? मैले यस किताबमा यिनै विषय फर्केर हेर्न खोजेको छु,' उनले भने।




गौतमले २०२९ सालमा भारत निर्वासनमा गएदेखि नै बीपी कोइरालाको सान्निध्य पाएका थिए। कोइरालाले पञ्चायती व्यवस्था अन्त्यका लागि आह्वान गरेको सशस्त्र संघर्षमा उनी सामेल भएका थिए। त्यसै क्रममा भारतको पूर्णियामा हातहतियारसहित उनी पक्राउ परेका थिए। कोइरालाकै निर्देशनमा कात्तिक २०३३ मा स्वदेश फर्कने क्रममा पक्राउ परेर करिब चार वर्ष बन्दी जीवन बिताएका थिए।

पुस्तकले बीपी कोइरालाको सशस्त्र संघर्षदेखि राष्ट्रिय मेलमिलापको नीतिसम्मको यात्रा र त्यससँग जोडिएका राजनीतिक घटनाक्रमको महत्त्वपूर्ण कालखण्डलाई संस्मरणमार्फत प्रस्तुत गरेको छ। 'बीपी र विद्रोहका ती दिन' किताब पब्लिशर्सले प्रकाशन गरेको हो।

# वैदेशिक रोजगार व्यवसायीद्वारा...

माग सम्बोधन नभएसम्म श्रमिकको संस्थागत श्रम स्वीकृति प्रक्रियामा सहभागी नहुने संघको भनाइ छ।

नयाँ र पुराना श्रम स्वीकृति लिएका गरी २ हजारभन्दा बढी श्रमिक हरेक दिन वैदेशिक रोजगारीमा जाने गरेका छन्। त्यसमा करिब एक हजार जना नयाँ श्रम स्वीकृति लिएका श्रमिक हुन्छन्। गत आर्थिक वर्षमा नयाँ श्रम स्वीकृति लिएर ४ लाख ६ हजार ४ सय ४ नेपाली वैदेशिक रोजगारीमा गएका थिए। तीमध्ये करिब ६६ प्रतिशत अर्थात् २ लाख ६८ हजार ९ सय ९० जना म्यानपावर कम्पनीमार्फत गएका थिए। व्यक्तिगत रूपमा ३१.६ प्रतिशत र सरकारी संयन्त्रमार्फत दुई प्रतिशत मात्रै गएका थिए। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष नयाँ श्रम स्वीकृति लिने श्रमिकको संख्या भने ९९ हजार ५ सय ५३ ले घटेको छ, जुन १९.७ प्रतिशतको गिरावट हो।

संघका अध्यक्ष डिकबहादुर खत्रीले वैदेशिक रोजगार क्षेत्र नेपालको अर्थतन्त्रको प्रमुख आधारमध्ये एक भए पनि नीतिगत जटिलता, अव्यावहारिक व्यवस्था र समयानुकूल सुधारको अभावले व्यवसाय संकटमा परेको बताए। 'वैदेशिक रोजगार क्षेत्रले २०५० सालयता ठूलो परिमाणमा रेमिट्यान्स भित्र्याएर अर्थतन्त्रलाई चलायमान बनाएको छ। विदेशी मुद्रा सञ्चिति बढाएको छ र व्यापार घाटा न्यूनीकरणमा योगदान दिएको छ। करिब ६४ प्रतिशत नेपाली घरधुरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यस क्षेत्रसँग जोडिएका छन्,' अध्यक्ष खत्रीले भने, 'तर यो क्षेत्रलाई व्यवस्थित बनाउने व्यावहारिक नीति सरकारले कहिल्यै लिएन।'

व्यवसायीहरूले श्रमिकको वास्तविक लागतका आधारमा पारदर्शी शुल्क संरचना निर्धारण गर्ने गरी वैदेशिक रोजगार ऐन, २०६४ संशोधन गर्नुपर्ने माग गरेका छन्। हालको 'फ्री भिसा, फ्री टिकट' नीतिको कार्यान्वयन व्यावहारिक नभएको उनीहरूको तर्क छ। सेवा शुल्कको स्पष्ट र वैज्ञानिक व्यवस्था नहुँदा अनौपचारिक कारोबार बढेको तथा व्यवसाय सञ्चालन नै कठिन बनेको संघले जनाएको छ।

संघले श्रमिक गन्तव्य मुलुकतर्फको हवाई भाडा नियन्त्रण गर्न, कृत्रिम अभाव सिर्जना रोक्न र नयाँ श्रम गन्तव्य मुलुकको मागपत्र प्रमाणीकरण प्रक्रिया सहज बनाउन पनि सरकारसँग माग गरेको छ। युरोपका विभिन्न मुलुक, दक्षिण कोरियाको ई-९ प्रणाली, जापानको 'स्पेसिफाइड स्किल्ड वर्कर' (एसएसडब्लू) कार्यक्रम तथा महिला घरेलु श्रमिकको वैदेशिक रोजगारलाई थप व्यवस्थित र सहज बनाउनुपर्ने संघको माग छ।

खुला भइसकेका श्रम गन्तव्य मुलुकसँग प्रभावकारी र श्रमिकमैत्री श्रम सम्झौता गर्न, वैदेशिक रोजगारसम्बन्धी संस्थागत र व्यक्तिगत उजुरीको सुनुवाइका लागि छुट्टाछुट्टै संयन्त्र बनाउन तथा मागपत्र प्रमाणीकरण, पूर्वश्रम स्वीकृति र अन्तिम श्रम स्वीकृतिलाई पूर्ण रूपमा स्वचालित प्रणालीबाट सञ्चालन गर्न पनि माग गरिएको छ।

व्यवसायीहरूले श्रमिक भर्ना प्रक्रियामा विभिन्न मुलुकमा देखिएको एकाधिकार अन्त्य गर्न सरकारको कूटनीतिक पहल आवश्यक रहेको पनि बताएका छन्। साउदी अरबको सीप परीक्षण (एसभीपी) र बायोमेट्रिक प्रणाली, यूएईको प्रहरी प्रमाणपत्र प्रमाणीकरण तथा मलेसियामा श्रमिक भर्ना प्रक्रियामा देखिएको एकाधिकारलाई स्वीकार नगर्न दबाब दिइएको छ।

वैदेशिक रोजगार ऐनअनुसार ५ हजारभन्दा बढी नेपाली रहेका मुलुकमा श्रम सहचारी र श्रम काउन्सेलर नियुक्त गर्न, नयाँ इजाजतपत्र वितरण तत्काल रोक्न तथा प्रत्येक पाँच वर्षमा आवश्यकता र मापदण्डका आधारमा मात्र नयाँ इजाजतपत्र जारी गर्न पनि संघले माग गरेको छ।

संघले वैदेशिक रोजगार व्यवसायीले राखेको नगद धरौटीको ब्याज फिर्ता पाउनुपर्ने, अनधिकृत लेनदेन र मिटरब्याजजस्ता अवैध कारोबार नियन्त्रण गर्नुपर्ने तथा वैदेशिक रोजगारमा जाने श्रमिकलाई बैंक तथा वित्तीय संस्थासँग जोडेर बिनाधितो वा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गर्न माग गरेको छ।

युवा, श्रम तथा रोजगार मन्त्रालयले श्रमिक भर्ना प्रक्रियालाई नियमित गर्न आग्रह गरेको छ। 'सेवा शुल्क निर्धारण गर्न श्रम मन्त्रालयले आन्तरिक रूपमा गृहकार्य गरिरहेको छ। ऐनले सम्बोधन गर्नुपर्ने विषय समावेश गर्ने गरी वैदेशिक रोजगार ऐनको मस्यौदा बनिसकेको छ। मस्यौदालाई अन्तरमन्त्रालयको सुझाव लिन पठाइएको छ,' श्रम प्रवक्ता पीताम्बर घिमिरेले भने, 'हामी श्रम क्षेत्रलाई सुधार गर्न प्रतिबद्ध छौं।'

नेपाल ट्रेड युनियनहरूको छाता संगठन संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटीयूसीसी) ले श्रमिकलाई भार पर्ने गरी सेवा शुल्क निर्धारण गर्न नहुने जनाएको छ। 'म्यानपावर व्यवसायीको आन्दोलनबाट सरकार पछाडि हट्नु हुँदैन। श्रमिकमाथि लागत शुल्क र सेवा शुल्क तोक्ने नीति हामीलाई मान्य हुँदैन,' जेटीयूसीसीका अध्यक्ष विनोद श्रेष्ठले भने, 'श्रमिक भर्नासँग सम्बन्धित सबै लागत शुल्क रोजगारदाताको दायित्व हो। म्यानपावर कम्पनीले पठाउँदैन भने त्यसको विकल्प सरकारले लिनुपर्छ। सरकारी संयन्त्रमार्फत नै श्रमिक पठाइनुपर्छ।'

श्रेष्ठले ३६ प्रतिशतसम्म ब्याजमा ऋण लिएर जानुपर्ने वैदेशिक रोजगारी आवश्यक नभएको बताए। 'जुन रोजगारीमा जाँदा ऋणको भारी बोक्नुपर्छ, त्यही ऋण तिर्न मात्रै काम गर्नुपर्छ भने त्यस्तो रोजगारी श्रमिकलाई चाहिँदैन,' उनले भने, 'हामीलाई गुणस्तरीय रोजगारी चाहिएको हो। सरकारले नेपालमै यस्तो रोजगारी दिनुपर्छ।'

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार गत आर्थिक वर्षको ११ महिनामै नेपालमा २१ खर्ब २० अर्ब ८० करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो, जुन अघिल्लो वर्षको त्यही अवधिको तुलनामा ३८.२ प्रतिशत बढी हो।

# चाँदी आयातमा सुनभन्दा...


फाइल तस्बिर : कान्तिपुर

उच्च मूल्यका कारण सुन आयातको कुल रकम ४६.१८ प्रतिशतले बढे पनि आयातको परिमाणमा भने ६.१७ प्रतिशतले घटेको थियो। भन्सार विभागले 'पाउडर अफ सिल्भर' (चाँदीको धूलो) मा वर्गीकरण गरेको वस्तुको आयात पनि अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्षमा १७६.६४ प्रतिशतले बढेर १० अर्ब ९० करोड रुपैयाँ पुगेको छ।

आयात भइरहेका चाँदीका दाना (यसलाई सिल्भर सट वा सिल्भर ग्रेन पनि भनिन्छ) साना आकारका कण हुन्। यी साधारणतया १ देखि ६ मिलिमिटरसम्मका हुन्छन्। सजिलै पगाल्न सकिने भएकाले गहना, चाँदीका भाँडाकुँडा र अन्य उद्योगमा कच्चा पदार्थका रूपमा यसको प्रयोग गरिन्छ। नेपालले गत आर्थिक वर्षमा सबैभन्दा धेरै दुबईबाट ९ अर्ब रुपैयाँ बराबरको करिब ३२ टन र चीनबाट १ अर्ब ४३ करोड रुपैयाँ बराबरको ४.३४ टन चाँदीको दाना आयात गरेको थियो।

केही महिनाभित्रै चाँदीको मूल्य तेब्बरभन्दा बढीले वृद्धि भएर नयाँ कीर्तिमान कायम गरेपछि यसले उपभोक्ता र लगानीकर्ता दुवैलाई निकै आकर्षित गरेको छ। विशेषगरी भदौ २०८२ को 'जेन-जी' आन्दोलनपछिको आर्थिक अनिश्चिततापछि सेयर बजार ओरालो लागेको र घरजग्गा कारोबार ठप्पप्रायः बनेको अवस्थामा लगानीकर्ता चाँदीतर्फ मोडिएका हुन्। शुक्रबार नेपाली बजारमा चाँदीको मूल्य प्रतितोला ४ हजार ५ सय ८० रुपैयाँ पुगेको छ।

अन्तर्राष्ट्रिय बजारमा पनि १५ माघ २०८२ मा चाँदीको मूल्य प्रतिऔन्स १२१.६७ डलरको उचाइमा पुगेको थियो। आपूर्तिमा आएको कमी, खुद्रा तथा सुरक्षित लगानीका लागि बढेको माग र आर्टिफिसियल इन्टेलिजेन्स एवं हरित ऊर्जाजस्ता क्षेत्रमा यसको बढ्दो औद्योगिक खपतका कारण

> **विशेषगरी भदौ २०८२ को 'जेन-जी' आन्दोलनपछिको आर्थिक अनिश्चिततापछि सेयर बजार ओरालो लागेको र घरजग्गा कारोबार ठप्पप्रायः बनेको अवस्थामा लगानीकर्ता चाँदीतर्फ मोडिएका हुन्।**

मूल्य बढेको रोयटर्सले जनाएको छ। यो मूल्य मुद्रास्फीति समायोजन नगरिएको बजारको हालसम्मकै उच्च मूल्य हो। गत बुधबार अन्तर्राष्ट्रिय बजारमा यो मूल्य घटेर प्रतिऔंस ५७.४१ डलरमा झरेको थियो।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले पनि बैंकहरूले जारी गरेको प्रतीतपत्रको तथ्यांकले चाँदीको दाना आयातमा ठूलो उछाल आएको पुष्टि गर्ने बताए। यति ठूलो परिमाणमा चाँदी आयात हुनुको वास्तविक कारण स्पष्ट नभएको र तस्करी वा अन्य प्रयोजनका लागि डाइभर्ट भइरहेको हुन सक्ने जानकारको चिन्ता छ।

सरकारले प्रयोग गरेको 'सिल्भर पाउडर' शब्द भ्रामक रहेको नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष अर्जुन रसाइलीले बताए। 'वास्तवमा आयात भइरहेको वस्तु चाँदीको दाना नै हो,' उनले भने, 'यसको प्रयोग गहना, भाँडाकुँडा बनाउन र मूर्ति चम्काउन गरिन्छ।'

यो सम्भवतः भन्सार वर्गीकरणको समस्या रहेको दक्षिण एसियाली क्षेत्रका बजार नियाल्दै आएका मुम्बईस्थित मेटल फोकसका विश्लेषक आदर्श दिवे बताउँछन्। 'हामीलाई लाग्छ, आयात गरिएको अधिकांश चाँदीको दानालाई भन्सारको हार्मोनाइज्ड सिस्टम कोडअन्तर्गत सिल्भर पाउडरमा वर्गीकरण गरिएको छ,' उनले कान्तिपुरसँग भने। चाँदीको मूल्यले कीर्तिमान कायम गरेपछि भौतिक चाँदीमा लगानी गर्नेको लहर चलेको दिवेले जनाए।

नेपालमा चाँदीका बिस्कुट वा बार राख्नु अवैध नभए पनि सर्वसाधारण वा निजीस्तरबाट कच्चा बहुमूल्य धातु (सुन र चाँदीका बार) भन्सार नाकाबाट सिधै आयात गर्न सरकारले प्रतिबन्ध लगाएको छ।

सर्वसाधारणले नेपालभित्रै कानुनी रूपमा चाँदी खरिद गरेर राख्न पाउँछन्। तर निश्चित परिमाणभन्दा बढी सीमापारिबाट ल्याउन वा स्वतन्त्र रूपमा आयात गर्न निषेध गरिएको छ। चाँदी मुख्यतया दानाका रूपमा २५ केजीको बोरामा प्याक गरेर आयात र कारोबार हुने व्यवसायी बताउँछन्। गत जनवरीमा सुन र चाँदीको मूल्यले उच्च बिन्दु छुँदा धेरैले यसमा लगानी गरेका थिए।

मूल्यमा आएको तीव्र वृद्धिका कारण सुरक्षित लगानीका हिसाबले चाँदीको आकर्षण निकै बढेको थियो। तर मूल्यमा आएको भारी गिरावटसँगै केही लगानीकर्ताका लागि यो निर्णय प्रत्युत्पादक बनेको छ। 'धेरै मानिसले मूल्य चक्र नबुझी चाँदीमा लगानी गरे, अहिले मूल्य तीव्र रूपमा घटेको छ। तत्कालै सुधार हुने संकेत नदेखिएकाले ती लगानीकर्तालाई चाँदी होल्ड गरेर राख्न गाह्रो भइरहेको छ,' शाक्यले भने।

केही ग्राहकले प्रतितोला ५ हजार ७ सय रुपैयाँको हाराहारीमा हुँदा नै चाँदी बिक्री गरेको र कतिले आफूसँग भएको चाँदीको दानालाई गहनामा परिणत गर्न थालेको उनको भनाइ छ।

# मल लिन गएका...

मल तस्करीको आरोपमा सिंह दाजुभाइलाई सीतामढीको डुमरास्थित कारागार चलान गरिएको थियो।

मल ल्याउने क्रममा पक्राउ परेका सिंह दाजुभाइबारे पहिलो समाचार कान्तिपुरले प्रकाशित गरेको थियो। त्यसलगत्तै परराष्ट्रमन्त्री शिशिर खनालले घटनाबारे चासो देखाउँदै नयाँदिल्लीस्थित नेपाली दूतावासमार्फत भारत सरकारसँग कूटनीतिक समन्वय सुरु गरेका थिए। तर अदालती प्रक्रियाका कारण दुवैको रिहाइ लम्बिएको थियो। मन्त्री खनालले अदालती प्रक्रियाकै कारण रिहाइमा ढिला हुन गएको प्रतिक्रिया दिए।

कारागारबाट छुटेपछि सिंह दाजुभाइले खुसी व्यक्त गरे। दाइ नागेन्द्रले एउटा जुनी पार गरेको प्रतिक्रिया दिए। 'कहिल्यै नसोचेको कुरा भयो। अर्काको देशमा आएर जेल बस्नुपर्‍यो। निकै कष्ट भयो,' उनले भने। अदालतले बुधबार रिहाको आदेश दिए पनि प्रक्रिया पूरा गर्दा शुक्रबारसम्म लागेको दाजुभाइका वकिल सञ्जयकुमार झाले जानकारी दिए। उनीहरूलाई लिन परिवार भारत पुगेको थियो।

सिंह दाजुभाइको रिहाइका लागि भारतीय नागरिक तपेश्वर सिंह र बालेश्वर सिंह जमानत बसेका छन्। तपेश्वर र बालेश्वर नाताले नागेन्द्रका सम्धी हुन्। उनीहरूले दुवैका लागि १०/१० हजार भारु बराबरको जग्गा धरौटी राखिदिएका छन्। अब सिंह दाजुभाइले तारिखका लागि अदालत आउनुपर्ने हुन्छ।

नेपालसँग सिमाना जोडिएका मधेशका जिल्लाहरूमा खेतीपातीका बेला मल नपाउनु नयाँ कथा होइन। मल अभावको स्थायी नियति झेल्दै आएका सिंह दाजुभाइ आफ्नै खेतका लागि केही बोरा मल जोहो गर्न सीमापारि गएका थिए। भाइ सुरेशले भने, 'आफ्नै बाली जोगाउन गरेको सानो प्रयासले कानुनी र मानसिक यातना भोग्नुपर्‍यो।'

दाजुभाइ जेल परेपछि उनीहरूको परिवार ठूलो मानसिक तथा आर्थिक तनावबाट गुज्रियो। भारतीय अदालती प्रक्रियाको जटिलता र ढिलासुस्तीका कारण उनीहरू छिट्टै छुट्न सकेका थिएनन्। सुरेशका छोरा अभिषेकले अघिल्लो ८ साउनमा सुनुवाइका लागि अदालतमा निवेदन दर्ता गराएका थिए। तर अदालतका मुख्य न्यायाधीश बिदामा बसेको भन्दै सुनुवाइको समय सारिँदै गयो। तीन पटक समय सरेपछि २० साउनमा रिहाको आदेश भएको हो। अदालतमा सिंह दाजुभाइका तर्फबाट डुमराका वकिल सञ्जयकुमार झा र किरण चौधरीले बहस गरेका थिए। दुवै वकिलको जिकिर थियो, नेपाली किसान दाजुभाइ तस्कर होइनन्। उनीहरू सामान्य किसान हुन्।

दिन प्रतिदिन लम्बिँदै गएको अदालती प्रक्रियाले परिवारको चिन्ता र अन्योल बढाएको थियो। अभिषेकले बुबा जेल गएपछि घरको अवस्था कष्टपूर्ण बनेको सुनाए। 'अभिभावक नै नभएपछि घरको अवस्था कस्तो हुन्छ होला, हामी कल्पना पनि गर्न सक्दैनौं,' उनले भने, 'लामो समयपछि उहाँहरूको रिहाइ भएको छ। हामीले ठूलो पाठ सिक्यौं। सरकारलाई योभन्दा गतिलो उदाहरण अरू केही हुन सक्दैन।' सिंह परिवारले अहिलेसम्म नेपालमै मल पाउन नसकेको भन्दै आक्रोश व्यक्त गरेको छ।

यो घटनाले किसानले भोग्दै आएको गम्भीर समस्यालाई पुनः सतहमा ल्याइदिएको पूर्वसांसद देवप्रसाद तिमल्सिना बताउँछन्। जबसम्म राज्यले किसानलाई समयमै बीउ र मल उपलब्ध गराउने दिगो व्यवस्था गर्दैन, तबसम्म खेती जोगाउने धुनमा किसानले सीमा क्षेत्रमा अनाहकमा सास्ती र सजाय भोगिरहनुपर्ने उनको भनाइ छ।

जिल्लास्तरमा विनियोजन हुने कोटा आवश्यकताभन्दा निकै कम हुँदा र वितरण प्रणाली पारदर्शी नहुँदा साना किसानसम्म मल पुग्न नसकेको बलरा-५ का वडाध्यक्ष मनोज मेहता बताउँछन्। उनका अनुसार २ हजार युरिया मल चाहिने वडामा जम्मा ४० बोरा मात्र आएको छ। 'यति थोरै मल किसानलाई कसरी वितरण गर्ने ? मल नै नभएपछि पारि जानुको विकल्प पनि रहेन,' मेहताले भने, 'पारि गयो तस्करको आरोप लाग्छ, आफ्नो देशमा मल छैन। किसानको यो समस्या कहिले समाधान होला ?' सिंह दाजुभाइ उनकै वडाका बासिन्दा हुन्।

| विदेशी मूद्रा | |
|---|---|
| अमेरिकी डलर | १५२.६६ |
| युरो | १७६.१४ |
| पाउन्ड स्टर्लिङ | २०५.४३ |
| अस्ट्रेलियन डलर | १०७.५० |
| कतारी रियाल | ४१.८७ |

राष्ट्र बैंकको आधारमा

सुन रू. २,९६,९००

चाँदी रू. ४,५८०

धनीका कुरा

# चर्चा र विवादमा आइरहने ल्यारी एलिसन

**ओराकलको सेयर लगातार बढ्दा १० सेप्टेम्बर २०२५ मा छोटो समयका लागि ल्यारी एलिसन विश्वकै धनाढ्य व्यक्तिहरूको सूचीमा इलन मस्कलाई उछिन्दै पहिलो स्थानमा आएका थिए, ओराकलको सेयर हवात्तै बढ्दा उनको सम्पत्ति चार सय अर्ब डलर बराबर पुगेको थियो**

एजेन्सी

बारम्बार चर्चा र विवादमा आइरहने व्यक्ति हुन्, ल्यारी एलिसन । उनले स्थापना गरेको सफ्टवेयर कम्पनी ओराकल कर्पोरेसन विश्वका धनी कम्पनीमध्ये एक हो । यसले विश्वका ठूला एआई निर्माताका लागि सफ्टवेयर तथा पूर्वाधार उपलब्ध गराउँछ । यस कम्पनीले सन् २०२५ मा एआईको विकासलाई सहयोग गर्ने गरी ५ सय अर्ब डलर लगानीमा अत्याधुनिक डेटा सेन्टर खोल्ने योजना सार्वजनिक गरेको थियो ।

अहिले विश्वका धनाढ्यहरूको सूचीमा रहेका एलिसनको बाल्यकाल भने निकै सकसपूर्ण थियो । सन् १९४४ अगस्ट १७ मा न्युयोर्कमा अविवाहित आमा फ्लोरेन्स स्पेगम्यानको कोखबाट जन्मिएका एलिसनलाई ९ महिनामै निमोनियाले सिकिस्त पारेको थियो । त्यति बेला आमा स्पेगम्यानले उनलाई सिकागो पठाइन्, जहाँ स्पेगम्यानकी बहिनी लिलियनले एलिसनलाई धर्मपुत्रका रूपमा अपनाइन् ।

बाल्यकालदेखि नै लिलियनसँग एलिसनको गहिरो आत्मीयता थियो । तर धर्मपिता लुइस एलिसनलाई ल्यारीले जीवनमा प्रगति गर्न सक्ने विश्वास नै थिएन ।

ल्यारीले १९६२ मा इलिनोइड विश्वविद्यालय, अर्बना-स्याम्पेनमा भर्ना भएर उच्च शिक्षाको सुरुवात गरे । तर लिलियनको निधन भएपछि सन् १९६४ मा उनले बीचमै पढाइ छाडे । त्यसको केही समयपछि सन् १९६६ मा उनले सिकागो विश्वविद्यालयमा पनि केही समय अध्ययनका लागि प्रयास गरे, तर पनि निरन्तरता दिन सकेनन् । एलिसनको क्षमतामा कुनै विश्वास नगरेका लुइसले उनको अध्ययन र व्यवसायमा सहयोग गर्न कुनै चासो देखाएनन् ।

परिवारको तिरस्कार र कडा आलोचनालाई नै आफ्नो प्रेरणाको स्रोत बनाउँदै एलिसन आफ्नो जीवनलाई नयाँ दिशा दिन क्यालिफोर्नियातिर लागे । १९७० को दशकमा केही वर्षसम्म उनले विभिन्न कम्पनीहरूमा कम्प्युटर प्रोग्रामरका रूपमा काम गरे । यो उनका लागि अनुभव र सीपलाई निखार्ने अवसर थियो ।

सन् १९७३ मा उनी एमप्लेक्स नामक प्रख्यात इलेक्ट्रोनिक्स कम्पनीमा आबद्ध भए । यहाँ उनले सहकर्मी प्रोग्रामर एड ओट्सलाई भेटे । प्रख्यात प्रविधिज्ञ बब माइनरको प्रत्यक्ष निगरानी तथा नेतृत्वमा उनीहरूले काम गरेका थिए । केही समयपछि उनीहरू तीनै जनाले मिलेर प्रविधि जगत्मा नयाँ काम गर्नेवाला थिए । सन् १९७६ मा एमप्लेक्स छाडेपछि एलिसन प्रिसिजन इन्स्ट्रुमेन्ट्समा प्रवेश गरे । त्यहाँ उनले अनुसन्धान तथा विकास विभागको उपाध्यक्ष जस्तो महत्त्वपूर्ण र जिम्मेवार पद सम्हाले ।

सन् १९७७ मा एलिसनले माइनर र ओट्ससँग मिलेर सफ्टवेयर विकास ल्याब (एसडीएल) खोले । ल्यारी यसका संस्थापक प्रमुख कार्यकारी अधिकृत (सीईओ) बने । यो ल्याबमार्फत उनीहरूले विभिन्न कम्पनीका लागि कन्ट्र्याक्टमा प्रोग्रामिङ गरिदिने काम गरे ।

एसडीएलमार्फत एलिसन धेरैभन्दा धेरै काम गर्न चाहन्थे । बेलायती कम्प्युटर वैज्ञानिक एड्गर एफ कोडले लेखेको अनुसन्धानपत्रमा आधारित रहेर उनीहरूले नयाँ प्रोग्राम बनाएर त्यसको मार्केटिङ गरे । यो प्रोग्राम कोडको डेटा-म्यानेजमेन्ट सिद्धान्तमा आधारित थियो । उनीहरूले डेटाबेस तयार गर्न अमेरिकी गुप्तचर निकाय (सीआईए) सँग सम्झौता गरे । त्यसपछि कमर्सियल रिलेसनल डेटाबेस कार्यक्रम सुरु गरे ।

सन् १९७९ मा यो एसडीएलले ओराकल सार्वजनिक गर्‍यो । यो बहुआयामिक डेटाबेस कार्यक्रम चाँडै नै लोकप्रिय भयो । संरचनात्मक क्वेरी भाषा (एसक्यूएल) प्रयोग गर्ने ओराकल पहिलो कमर्सियल रिलेसनल डेटाबेस कार्यक्रम थियो ।

सन् १९८२ मा एसडीएललाई ओराकल सिस्टम्स कर्पोरेसन नामकरण गरियो । सन् १९८६ मा यस कम्पनीले सार्वजनिक सेयर निष्कासन गर्‍यो । अर्को वर्ष यो कम्पनी विश्वकै सबैभन्दा ठूलो डेटाबेस म्यानेजमेन्ट कम्पनी बन्यो ।

यद्यपि सन् १९९० मा एक सेयरधनीले मुद्दा दायर गरेपछि सार्वजनिक भएको आन्तरिक अडिट प्रतिवेदनअनुसार ओराकलले आफ्नो आयलाई वास्तविकताभन्दा धेरै देखाएको खुलासा भयो । यसपछि कम्पनीको सेयर हवात्तै घट्यो । र, ल्यारीले कम्पनीलाई पुनःसंरचना गर्दै १९९२ सम्म फेरि राम्रो अवस्थामा ल्याए ।

१९९० को दशकको मध्यतिर कम्प्युटर सफ्टवेयरमा माइक्रोसफ्ट कर्पोरेसनको दबदबा थियो । ल्यारीले माइक्रोसफ्टको डेस्कटप पर्सनल कम्प्युटर (पीसी) लाई चुनौती दिने लक्ष्यले नेटवर्क कम्प्युटर (एनसी) सफ्टवेयर विकास गरे । डेटा तथा सफ्टवेयरका लागि कम्प्युटर सर्भरहरूको भर पर्ने यो प्रविधि तुलनात्मक रूपमा सस्तो थियो । तर माइक्रोसफ्टको स्ट्यान्डर्ड पीसी जस्तो पूर्ण र सुविधासम्पन्न थिएन ।

एकातर्फ मूल्य घटाएर पीसी सर्वसुलभ बन्दै गयो, अर्कोतर्फ एनसीको प्राविधिक विकास सोचे जसरी अघि बढ्न सकेन । त्यहीकारण माइक्रोसफ्ट विन्डोज अपरेटिङ सिस्टमको दबदबा कायमै रह्यो । तर कालान्तरमा एनसीले सुरु गरेको प्रविधि क्लाउड कम्प्युटिङ नामले प्रख्यात भयो । त्यस समय एनसी प्राविधिक रूपमा परिपक्व नभएकाले माइक्रोसफ्टलाई चुनौती दिने आफ्नो लक्ष्य पूरा नभएको ल्यारीले केही समयपछि स्विकारे ।

बिस्तारै इन्टरनेट दुनियाँमा ओराकलले विकास गरेका उत्पादनले सफलता हासिल गर्दै गए । सन् २००० ताका ल्यारीले प्रतिस्पर्धी सफ्टवेयर कम्पनी खरिद गर्न थाले, जसअनुसार २००५ मा पिपुलसफ्ट, २००६ मा साइबेल, २००८ मा बीएई र २०१० मा सन माइक्रोसिस्टम्सलाई खर्बौं डलर खर्चेर ओराकलले किन्यो ।

सन् २०१४ मा सीईओबाट राजीनामा गरेर ल्यारीले ओराकल कर्पोरेसनको कार्यकारी अध्यक्ष र मुख्य प्रविधि अधिकृतको जिम्मेवारी सम्हाले ।

सन् २०२० को दशकमा उच्च प्राविधिक विकासलाई ध्यानमा राखेर ओराकलले ठूलो परिमाणका क्लाउड पूर्वाधार निर्माण गर्न थाल्यो । एलिसनको निर्देशनमा कम्पनीले ओपनएआई, मेटा, एनभिडिया, सफ्टबैंक र एक्सएआईजस्ता एआई कम्पनीसँग सम्झौता गर्‍यो । यी सबै सम्झौताको कुल धनराशि ३ सय अर्ब अमेरिकी डलरभन्दा धेरै हुन आउँछ ।

सन् २०२५ मा ओराकलले ५ सय अर्ब डलरको डेटा सेन्टर बनाउने योजना अघि सार्‍यो । यसलाई स्टारगेट नाम दिइएको छ । यसले अग्रणी एआई विकासकर्ताहरूलाई कम्प्युटिङ क्षमता प्रदान गर्छ । २०२५ सेप्टेम्बरमा एकै दिन ओराकलको सेयर मूल्य ३८ प्रतिशतले बढेको थियो, जो सन् १९९२ यताकै सर्वाधिक ठूलो वृद्धि हो । विश्लेषकहरूले एआईको विकास हुँदै जाँदा यस कम्पनीको सेयर थप बढ्दै जाने आकलन गरेका छन् ।

सन् १९९३ मा पहिलो पटक फोर्ब्सका खर्बपतिहरूको सूचीमा ल्यारीको नाम समेटिएको थियो । आज उनी फोर्ब्सले तयार गरेको विश्वका खर्बपतिहरूको सूचीमा सातौं स्थानमा छन् । उनको कुल सम्पत्ति १ सय ८१ अर्ब डलर आसपास रहेको फोर्ब्सको अनुमान छ । ओराकलको सेयर लगातार बढ्दा १० सेप्टेम्बर २०२५ मा छोटो समयका लागि उनी विश्वकै धनाढ्य व्यक्तिहरूको सूचीमा इलन मस्कलाई उछिन्दै पहिलो स्थानमा आएका थिए । ओराकलको सेयर हवात्तै बढ्दा उनको सम्पत्ति छोटो समयका लागि चार सय अर्ब डलर बराबर पुगेको थियो ।

सन् १९९० को दशकमा कम्पनीको आय गलत देखाएर सेयरधनीहरूलाई झुक्याएको विषय सार्वजनिक भएपछि ओराकलको सेयर हवात्तै घटेको थियो । सन् २००० मा प्रतिस्पर्धी कम्पनी माइक्रोसफ्टविरुद्ध सरकारको अनुसन्धान चलिरहँदा ओराकलले माइक्रोसफ्टको पक्षमा रहेका केही संस्थाका कमजोरी उजागर गर्न निजी जासुस लगाएको विषय बाहिरिएको थियो ।

ल्यारीले यसलाई स्विकार्दै कानुनी रूपमा यस्तो कदम अवैध नभएको दाबी गरेका थिए । सन् २००१ मा आफ्नो कम्पनीको १ अर्ब डलर बराबरको सेयर बेच्दा वास्तविक कारोबार लुकाइएको भन्दै सेयरधनीहरूले उनीविरुद्ध मुद्दासमेत हालेका थिए । लामो कानुनी लडाइँपछि ओराकलका तर्फबाट परोपकारी काममा करिब १० करोड डलर खर्चने सर्तसहित उनले मिलापत्र गरेका थिए ।

सन् २०१६ मा ओराकलले नेटसुइट कम्पनी खरिद गर्दा ल्यारीले आफ्नो स्वार्थका लागि महँगो मूल्य तिराएको भन्दै अन्य सेयरधनीहरूले मुद्दा हालेका थिए । यस मुद्दामा सन् २०२३ मा अदालतले ल्यारीलाई सफाइ दियो ।

कम्पनीमाथि प्रयोगकर्ताको स्वीकृतिबिना उनीहरूको व्यक्तिगत डेटा अन्यत्र बेचेको आरोप पनि लाग्यो । सन् २०२४ मा यस विषयमा मुद्दा परेपछि ओराकलले ११ करोड ५० लाख डलर तिरेर मिलापत्र गरेको थियो ।

ल्यारीले जीवनमा ६ पटक विवाह गरेका छन् । २२ वर्षको छँदा पहिलो विवाह गरेका ल्यारीले छैटौं पटक सन् २०२४ मा ८० वर्षको उमेरमा विवाह गरे । उनीकी पत्नी जोलिन झु उनीभन्दा ४७ वर्षले कान्छी छिन् ।

पूर्वपत्नी बारबरा बुथतर्फबाट उनका दुई सन्तान छन् । छोरा डेभिड एलिसन चर्चित फिल्म निर्माण कम्पनी स्काइडान्स मिडियाका संस्थापक तथा सीईओ हुन् । छोरी मेगन एलिसन 'अन्नपूर्ण पिक्चर्स' की संस्थापक हुन् । यस कम्पनीले धेरै चर्चित र ओस्कार विजेता चलचित्र निर्माण गरिसकेको छ ।

आफ्नो विलासी जीवनशैलीका कारण पनि ल्यारी चर्चामा आइरहन्छन् । हवाइको 'लनाई' टापुको अधिकांश भूभाग (९८ प्रतिशत) उनकै स्वामित्वमा छ । महँगा विलासी घर, अत्याधुनिक डुंगा, निजी विमान, एक्सपेन्सिभ कार र महँगा कलाकृति संकलन गर्ने ल्यारीको सोख छ ।

ल्यारी डुंगा चलाउन सौखिन छन् । उनले आफ्नै टिम 'ओराकल टिम यूएसए' बनाएर प्रतिष्ठित 'अमेरिकाज कप' डुंगा प्रतियोगिता दुई पटक जितेका छन् । ओराकल कम्पनीले विश्वप्रसिद्ध फर्मुला वन टिम रेड बुल रेसिङसँग करोडौं डलरको मुख्य प्रायोजन सम्झौता गरेको छ, जसले खेलकुदको दुनियाँमा पनि उनको प्रभाव देखाउँछ ।

ल्यारीले आफ्नो ९५ प्रतिशत सम्पत्ति एलिसन इन्स्टिच्युट अफ टेक्नोलोजी (ईआइटी) को नाममा दिने वाचा घोषणा गरेका छन् । सन् २०१३ स्थापित यस इन्स्टिच्युटले अक्सफोर्ड विश्वविद्यालयसँग मिलेर स्वास्थ्य, जलवायु परिवर्तन, खाद्य असुरक्षा र एआईका क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्दै आएको छ ।

ल्यारीले १ अर्ब डलर लगानी गरेर एलिसन मेडिकल फाउन्डेसन स्थापना गरेका थिए । यस फाउन्डेसनले बुढ्यौली र विभिन्न रोगहरूबारे अध्ययन गरिरहेको थियो । तर सन् २०१३ मा यस फाउन्डेसन बन्द गरेर स्वास्थ्यसम्बन्धी अनुसन्धान ईआईटीमार्फत नै अघि बढाउने घोषणा गरे ।



तस्बिर : एपी/रासस

**आफ्नो विलासी जीवनशैलीका कारण पनि ल्यारी चर्चामा आइरहन्छन्, हवाइको 'लनाई' टापुको अधिकांश भूभाग (९८ प्रतिशत) उनकै स्वामित्वमा छ, महँगा विलासी घर, अत्याधुनिक डुंगा, निजी विमान, एक्सपेन्सिभ कार र महँगा कलाकृति संकलन गर्ने ल्यारीको सोख छ**

# नेपालका सडकमा विद्युतीय सवारी कति सुरक्षित ?

**२६ देखि ३१ साउनसम्म भृकुटीमण्डपमा हुने 'नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६' को तयारी तीव्र**



फाइल तस्बिर : कान्तिपुर

**विमल खतिवडा** (काठमाडौं)

पछिल्लो समय नेपालको सडकमा गुड्ने विद्युतीय सवारी बढिरहेका छन् । पूर्वाधार विकास मन्त्रालयले सार्वजनिक गरेको राष्ट्रिय यातायात नीतिमा पछिल्लो एक दशकमा ६३ हजार २ सय ८० विद्युतीय सवारी दर्ता भएको उल्लेख छ । तर संख्या बढे पनि त्यसअनुसार पूर्वाधार भने पर्याप्त नभएको सरोकारवाला बताउँछन् ।

बर्खामा यस्ता सवारी गुडाउँदा, पानीमा ब्याट्री डुब्दा बिग्रने जोखिम कत्तिको रहन्छ ? थापाथली इन्जिनियरिङ क्याम्पसको अटोमोबाइल तथा मेकानिकल इन्जिनियर विभागका प्रशिक्षक लक्ष्मण पलिखेल भन्छन्, 'अहिलेसम्म नेपालमा विद्युतीय सवारीको प्रयोग र समस्याबारे राम्रोसँग अध्ययन गरिएको छैन ।' तर गाडी आयात गर्दा 'आईपी सिक्टी सेभेन टेस्ट' पास गरेर ल्याएको सर्टिफिकेट बिक्री गर्ने कम्पनीहरूसँग हुने उनले बताए ।

'यो भनेको विद्युतीय गाडी एक मिटर पानीमा डुब्दा गाडीभित्र पानी पस्दैन भन्ने हो,' उनले भने, 'नेपालमा विद्युतीय गाडी 'आईपी सिक्टी सेभेन' टेस्ट पास गरेरै ल्याइएको हुन्छ । त्यस्तो शंका लागे गाडी किन्दा सम्बन्धित कम्पनीसँग यसको सर्टिफिकेट मागेर हेर्दा राम्रो हो ।'

गाडीमा प्रयोग भएको ब्याट्री, मोटर र अन्य इलेक्ट्रोनिक कम्पोनेन्ट आईपी सिक्टी सेभेनअनुसार परीक्षण गरिएको हुने पलिखेलले बताए । 'गाडीभित्र पानी पस्नु ठूलो कुरा भएन,' उनले भने, 'तर पानीका कारण गाडीमा आगजनी र सर्ट हुनुभएन ।'

नेपालको सडक पूर्वाधार विद्युतीय सवारीका लागि मात्र नभई पेट्रोलबाट चल्ने सवारीका लागि पनि उपयुक्त नभएको पलिखेलको भनाइ छ । 'विद्युतीय सवारीका लागि चिल्लो कालोपत्र सडक नै आवश्यक पर्छ,' उनले भने, 'यस्ता गाडीको ग्राउन्ड क्लियरेन्स कम हुन्छ, अप्ठ्यारो र कच्ची सडकमा ठोकिने जोखिम बढी हुन्छ ।'

तर चीन र भारतबाट विद्युतीय गाडी बढी आउने भएकाले नेपालको सडक पूर्वाधार हेरेर गाडी तयार पार्ने गरिएको पलिखेलले सुनाए । चार्जिङ स्टेसन पनि विद्युतीय सवारीका लागि पर्याप्त नभएको उनको ठम्याइ छ । 'पेट्रोल पम्प जस्तै चार्जिङ स्टेसन पनि त्यहीअनुसार ठाउँ-ठाउँमा बनाउन आवश्यक छ,' उनले भने, 'यात्राका क्रममा कसैलाई पनि कहाँ गाडी चार्ज गर्ने भन्ने तनाव नहोस् ।'

यसैबीच चाडबाड नजिकिँदै गर्दा दुई ओटा ठूला अटो शो हुँदै छन् । नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) को आयोजनामा २६ साउनदेखि ३१ सम्म नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६ हुँदै छ । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको आयोजनामा ९ देखि १४ भदौसम्म नाडा अटो शो हुँदै छ । दुबै अटो शो भृकुटीमण्डपमा हुनेछन् । साउनमै हुने नाइमा नेपाल मोबिलिटी एक्स्पोका लागि तयारी तीव्र पारिएको छ ।

एक्स्पोलाई ध्यानमा राखेर आधाभन्दा बढी स्टल तयार पारिसकिएको नाइमाका कार्यकारी निर्देशक राजकुमार दुलालले बताए । 'पहिरोका कारण सिन्धुपाल्चोकको तातोपानी नाका बन्द भएर चुनौती थपिएको छ । खुलाउन सरकारसँग माग गरेका छौं,' उनले भने, 'नेपाल ल्याइएका धेरै सवारी त्यहाँ रोकिएका छन्, कतिपय ब्रान्ड एक्स्पोमा सहभागी गराउने उद्देश्यले ल्याइएका पनि छन् ।' तर सडक बन्द भएकाले सयभन्दा बढी विद्युतीय सवारी भन्सार यार्डमा रोकिएका छन् ।

पहिला ५१ स्टल हुने भनिएको नाइमाको एक्स्पोमा अहिले कम्पनी थप भएर ५३ वटा पुगेका छन् । 'धेरै कम्पनीले एक्स्पोमा सहभागी गराउन माग गरेका थिए,' कार्यकारी निर्देशक दुलालले भने, 'केहीलाई थप गर्‍यौं, तर ठाउँ अभावले सबैलाई सहभागी गराउन सकेनौं ।'

२६ वटा चारपांग्रे प्यासेन्जर भेहिकल, १९ वटा दुईपांग्रे र ८ वटा कमर्सियल भेहिकलका स्टल रहने दुलालले जनाए । एक्स्पोमा दुईपांग्रे, चारपांग्रे, कमर्सियल भेहिकल, इलेक्ट्रिक तथा हाइब्रिड मोबिलिटी सोलुसन, प्रविधि, सेवा तथा मोबिलिटीसम्बन्धी उत्पादन समेटिने उनको भनाइ छ । दुईपांग्रे सवारीका १८ र चारपांग्रेका २९ नयाँ ब्रान्ड एक्स्पोमा सार्वजनिक गरिनेछ ।

तातोपानी नाकाबाट सवारी आयात ठप्प बनेकाले समस्या भएको नाइमाकी अध्यक्ष ऋतु सिंह वैद्यले पनि बताइन् । 'त्यहाँ सडक बिग्रिएको छ, हामी एकजुट भएर अटोमोबाइल्सको बजार चलायमान बनाउन सक्रिय भएका छौं । तर कमजोर पूर्वाधारका कारण त्यो सम्भव छैन,' उनले भनिन्, 'अटो शो आइसकेको छ, धेरैजसो ब्रान्डका सवारीसाधन तातोपानी नाकामा अड्किएका छन् ।'

अहिले तातोपानी नाका भएर आउने सवारीलाई रसुवाको रसुवागढी नाका र मुस्ताङको कोरलातर्फ डाइभर्ट गराएर ल्याइँदै छ । रसुवा भन्सार कार्यालय रहेको टिमुरेसम्म सडकको अवस्था राम्रो रहेको र त्यहाँबाट नाकातर्फको सडकमा बिहीबार राति पहिरो खसेर सवारी आवागमन बन्द रहेको भन्सार कार्यालयले जनाएको छ ।

नाकातर्फको ४ किलोमिटर सडकमा पहिरो खसेकाले चीनबाट भन्सार यार्डसम्म सवारी ल्याउन नसकिएको कार्यालयका नायब सुब्बा चण्डिराज गेलालले बताए । पहिरो पन्छाएर सडक खुलाउने प्रयास भइरहेको छ । अटो शोका बेला पानी परेर समस्या आउने गरेकाले यो पटक भने बर्खालाई ध्यानमा राख्दै हल तयार पार्न लागिएको छ । तसर्थ एक्स्पोमा छिरेर निस्किँदासम्म पानीबाट कुनै समस्या नहुने नाइमा अटो शो प्लानिङ कमिटीका संयोजक गौरव शारडाको भनाइ छ ।

'अटो शोमा २० लाखदेखि साढे ३ करोड रुपैयाँसम्मका विद्युतीय सवारी राखिँदै छ,' उनले भने, 'दुईपांग्रेका नयाँ ब्रान्ड धेरै आएका छन् । दुईपांग्रे विद्युतीय सवारीले पनि शोमा आउनेको राम्रै ध्यान तान्नेछन् ।' विभिन्न विषयलाई समेटेर नाइमा मोबिलिटी कन्क्लेभ आयोजना गरिने नाइमाले जनाएको छ ।

**IRCON INTERNATIONAL LIMITED**
इरकॉन NAVRATNA COMPANY
(A Govt. of India Undertaking)
Website: www.ircon.org CIN: L45203DL1976GOI008171 ircon

**e-Procurement Notice**

**e-Tender No.: IRCON/e-Tender/JBRLP/2051/Civil Works/** **Dated 06.08.2026**

Construction of Formation, Blanketing, Minor Bridges, and other ancillary works from Ch: Km 8.00 (Nepal Custom Yard , Nepal) to 18.600(Biratnagar Nepal) in connection with construction of new BG Rail Line from Jogbani (India) to Biratnagar (Nepal) Railway project.

| | |
|---|---|
| **Estimated cost of the work:** | **Rs. 22.85 Crore** |
| **Last Date & Time of e-Bid Submission:** | **31/08/2026 up to 3:00PM** |

For further details, visit website **https://etenders.gov.in/eprocure/app**. Corrigendum, if any, would be hosted only on the website.

**Executive Director/Projects,**
C-4, District Centre, Saket, New Delhi- 110017

**Enhancing Access to Justice through Institutional Reform (A2J) Project**
**Request for Proposal (RFP)**
Date: August 08, 2026

UN DP

A2J Project II calls proposal (technical and financial) from qualified Firm/Company for **REFERENCE: A2J/RFP/2026/05: "Conduct Endline Survey of Enhancing Access to Justice through Institutional Reform (A2J Project) Project-II"**

**How to submit proposal:**

1. The proposal softcopies are available in below web link through **10:00 hrs on Saturday, August 08, 2026** until **13:00 hrs., Friday, August 21, 2026.**
   ***Contact Address:***
   ***Enhancing Access to Justice through Institutional Reform(A2J) Project***
   ***Babarmahal, Kathmandu, Nepal Tel: 977-01-5338303, 01-5338309***
   ***Web link: https://www.undp.org/nepal/procurement***
2. The technical and financial proposals must be submitted addressing the RFP reference number and title separately to respective email addresses technicalproposal@a2jnepal.org; financialproposal@a2jnepal.org; or **separately sealed hardcopies** to the above office address by no **later than 17:00 hrs., Friday, August 21, 2026.**

***Note: A2J Project reserves all rights to accept or reject the bids for whatsoever reason.***

**JOB ANNOUNCEMENT**

UN DP

United Nations Development Programme (UNDP) Nepal works with the people and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters, and impact of climate change, while laying down strong foundations for a society based on rule of law with an inclusive and participatory democracy.

*UNDP Nepal is seeking applications from qualified and result oriented Nepalese citizens for the following assignments:*

| S.N. | Position Title | Level | No. of Positions | Duty Station | First Date of Publication | Application Deadline |
|---|---|---|---|---|---|---|
| 1 | Disaster Risk Reduction / Management and Early Warning System Analyst (Re-advertisement) | NPSA 8 | 1 (One) | Kathmandu, Nepal | 30 July, 2026 | 13 August, 2026 |
| 2 | Administration and Finance Analyst-Roster Recruitment | NPSA 8 | 1 (One) | For roster (to be placed in Kathmandu and provincial offices within Nepal as per the requirement) | 4 August, 2026 | 17 August, 2026 |
| 3 | Communication and Reporting Analyst-Roster Recruitment | NPSA 8 | 1 (One) | | 4 August, 2026 | 18 August, 2026 |

**Weblink for application: https://www.undp.org/nepal/jobs**

***Only short-listed candidates will be contacted, and UNDP retains the right to contact referees directly during the selection process.***

*UNDP is committed to achieve work force diversity and has a policy to have gender balance among staffs at all levels. Work experience and/or academic knowledge in relation to gender and social inclusion will be an added advantage. Qualified Women, Dalits, Janajatis, Madhesis, Persons with Disabilities, gender and sexual minorities and other minorities are specially encouraged to apply.*

*United Nations has a zero-tolerance against Sexual exploitation and Abuse (SEA) and Sexual Harassment (SH). Everyone is responsible for Preventing Sexual Exploitation and Abuse and Sexual Harassment (PSEA and SH), and all UN personnel must adhere to the standards of conduct that preserves PSEA principles (both during work hours and outside work hours). All selected candidates will, therefore, go through a safe hiring process.*

***All applications will be treated with highest confidentiality.***


# कीर्तिपुर र मूलपानीको विकेट स्वरूप फेरिँदै

## नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करण र यू-१९ महिला विश्वकप क्रिकेटलक्षित निर्माण कार्य जारी











कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान। मूलपानीस्थित तल्लो र माथिल्लो क्रिकेट मैदान। कीर्तिपुर र मूलपानीको पिचमा दुबो रोपिँदै। तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

**विनोद पाण्डे** (काठमाडौं)

दुई वर्षअघि नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो सिजनका लागि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानको विकेट पुरै हरियो बनाइएको थियो। सहभागी टोलीको अनुमान थियो, त्रिवि क्रिकेट मैदानको विकेट अब फेरिने छ। स्पिनरलाई मात्र नभई तीव्र गतिको बलिङलाई पनि मदत गर्नेछ।

एनपीएलमा सहभागी फ्रेन्चाइज टोलीले सोहीअनुरुप आफ्नो टोलीमा तीव्र गतिका बलरलाई प्राथमिकतामा राख्दै टिम निर्माण गरेका थिए। एनपीएल सुरु भएको एक सातामै कीर्तिपुरको पिचबाट घाँस हराइसकेको थियो। विकेट फ्ल्याट भइसकेको थियो अनि कीर्तिपुरको विकेट आफ्नै स्वरुपमा फर्किसकेको थियो।

सुदूरपश्चिम रोयल्सबाट खेलेका न्युजिल्यान्डका स्कट कुग्लेन, चितवन राइनोजबाट खेलेका पाकिस्तान सोहेल तानभिर र रिजन ढकाल, जनकपुर बोल्ट्सका किशोर महतो, काठमाडौं गोर्खाजका करण केसीले तीव्र गतिको बलिङमा राम्रो सफलता हात पारेका थिए। तर जब विकेट फ्ल्याट बन्दै गयो, स्पिनरहरू एनपीएलका खेलमा हाबी हुँदै गएका थिए। जनकपुरका ललित राजवंशी, कर्णाली याक्सका विपिन शर्मा, सुदूरपश्चिमका पाकिस्तानी सैफ जैब चम्किए। त्यसैअनुरुप उनीहरूको टोलीले पनि सफलता हात पार्दै गएको थियो।

अहिले त्रिवि क्रिकेट मैदानको स्वरुप अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा परिणत भइसक्यो। तर विकेटको स्वरुप खासै फेरिएको छैन। कीर्तिपुरको विकेटमा स्पिनरहरूकै दबदबा रहने गरेको छ। शुक्रबार मात्र कीर्तिपुरको विकेटमा घाँस रोप्ने कार्य सम्पन्न भएको थियो। मूलपानीस्थित माथिल्लो मैदानमा पनि घाँस यसअघि नै हालिसकेको छ भने तल्लो मूलपानी मैदानमा घाँस हाल्ने क्रम जारी छ।

एनपीएल र आईसीसी यू-१९ महिला विश्वकपलक्षित गरेर तीनवटै मैदानको विकेटको स्वरुप फेर्न लागिएको छ। आधिकारिक मितिको घोषणा नभए पनि दसैंपछि एनपीएलको तेस्रो संस्करण आयोजना हुन लागेको छ। त्यस्तै १६ राष्ट्रसम्मिलित आईसीसी यू-१९ महिला विश्वकप क्रिकेट नेपालले बंगलादेशसँग मिलेर संयुक्त रूपमा आयोजना गर्दै छ। नेपालले आयोजना गर्न लागेको यो सबैभन्दा ठूलो प्रतियोगिता हो। यी तीन मैदान यू-१९ महिला विश्वकपको लागि प्रयोग गरिनेछ।

यू-१९ महिला विश्वकप जनवरीमा हुने सम्भावना छ। तर आईसीसीबाट आधिकारिक तालिका आउन बाँकी छ। सहभागी १६ राष्ट्रमध्ये नेपाल र बंगलादेशमा ८ टोलीले खेल्ने सम्भावना छ। आयोजकको हिसाबमा नेपाललाई प्रतियोगितामा सोझै प्रवेश दिइएको छ।

सन् २०२० पछि कीर्तिपुरको विकेट नयाँ बनाउन लागिएको नेपाल क्रिकेट संघ (क्यान) का उपाध्यक्ष रोशनकुमार सिंह बताउँछन्। क्यानले उनलाई यू-१९ महिला विश्वकपका लागि संयोजकको जिम्मेवारी तोकेको छ। उनका अनुसार कीर्तिपुर र मूलपानीको दुवै मैदानको विकेट निर्माण तथा मर्मत खर्च ७०-८० लाख हुने अनुमान छ। यो सबै पूर्वाधारबाहेकका खर्च हुन्। यो खर्च क्यानले अहिले आफ्नै स्रोतबाट जुटाइरहेको र पछि अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले यसको भर्पाइ गरिदिने सिंहले जानकारी गराए।



**घाँस कतिसम्म विकेटमा बस्छ भन्ने कुरा महत्त्वपूर्ण हो, घाँस रहेसम्म विकेट राम्रो हुन्छ। घाँस गइसकेपछि विकेट फ्ल्याट हुन्छ।**

● **रोशनकुमार सिंह,** उपाध्यक्ष, क्यान

कीर्तिपुरमा शुक्रबार बिहानदेखि क्युरेटर मधु तामाङसहित ग्राउन्ड स्टाफहरू विशेषतः विकेट निर्माणको कार्य धमाधम गरिरहेका छन्। 'क्युरेटरसहित मैदानको कर्मचारीहरूले नयाँ विकेट बनाउनेक्रममा बिग्रेको माटोको जरासम्मै निकालेर फालिदिएका छन्, त्यसपछि घाँस रोप्न सुरु गरेका छन्, जुन आज पुरा हुनेछ,' क्यान उपाध्यक्ष सिंहले शुक्रबार भने, 'घाँस कतिसम्म विकेटमा बस्छ भन्ने कुरा महत्त्वपूर्ण हो, घाँस रहेसम्म विकेट राम्रो हुन्छ। घाँस गइसकेपछि विकेट फ्ल्याट हुन्छ। घाँसको जरा चार इन्चसम्म तल गयो भने माटोलाई राम्रोसँग समात्छ र त्यसपछि विकेट सेट भएर राम्रो हुने विश्वास क्युरेटरले लिएका छन्।'

यसका लागि चार महिना समय चाहिन्छ, तीन महिना भए पनि राम्रो हुने थियो। अहिले एनपीएल सुरु हुन साढे दुई महिना समय बाँकी छ। तर विकेट राम्रै बन्ने विश्वास सिंहले क्युरेटहरूबाट पाएका छन्। भदौ लागेपछि घाँसले रुट फाल्ने कार्य विस्तारै कम हुँदै जान्छ। मनसुनको पानी जतिसक्दो तल गयो विकेट त्यति राम्रो हुने भएकाले विकेट निर्माणमा अलिक ढिलाइ भए पनि मनसुन लम्बिएमा त्यसले फाइदा हुने सिंहको बुझाइ छ।

३० यार्डभित्र उम्रिएका घाँसलाई उखालेर पिचमा रोपिएको हो। पुनः रोपिएको घाँस उम्रिन २-३ साता लाग्नेछ। त्यसपछि घाँस काटेर लेभलिङ गरिनेछ र मल छरेर फेरि घाँस उमार्ने कार्य गरिन्छ। घाँसको जरा ४ इन्च तल जान ४ महिनासम्म लाग्न सक्छ। त्यति समय नभएकाले जरा ४ इन्चसम्म पुग्ने सम्भावना सिंहले कम देखेका छन्। तथापि विकेट राम्रो बन्ने उनको विश्वास छ। विकेटमा स्थानीय दुबो नै हालिएको छ, बर्मुडा दुबो भएको भए विकेट अझै केही वर्ष टिक्ने सिंहले बताए।

'अलिक पहिलादेखि निर्माण कार्य सुरु गरेको भए विकेटमा पानी तलसम्मै जान पाउँथ्यो। समय अभावका कारण विकेट निर्माण कार्य सुरु गर्न ढिला भएको छ, तर विकेट राम्रो बन्ने आस लिएका छौं,' उपाध्यक्ष सिंहले भने, 'एनपीएल सुरु भएको दुई सातासम्म विकेटमा घाँस रहने सम्भावना रहन्छ, त्यसका लागि घाँस कसरी उम्रिन्छ र पानीको मात्र कत्तिको पुग्छ भन्ने हो।'

एनपीएल सुरु भएको दुई सातापछि विकेट फ्ल्याट हुन सक्नेछ। विगतमा विकेटले खेलेको भूमिकाका आधारमा सिंहले यो पूर्वानुमान गरेका हुन्। दसैंअगाडि कीर्तिपुर मैदानमात्र तयार हुनेछ। मूलपानीको दुवै मैदान यू-१९ महिला विश्वकपलक्षित छ। कीर्तपुरमा ८, माथिल्लो मूलपानीमा ७ र तल्लो मूलपानी मैदानमा ६ पिच निर्माण गर्न लागिएको छ।

कीर्तिपुर १२ हजार र तल्लो मूलपानीमा ५ हजार दर्शक क्षमता रहनेछ। माथिल्लो मूलपानीमा २ हजार दर्शक क्षमताको अस्थायी टहरा निर्माण गरिने सिंहले बताए। मूलपानीको दुई मैदानमा प्रफुल्ल प्रधान र बंगलादेशका मोहम्मद अब्दुल अल मामुनले क्युरेटरको काम गरिरहेका छन्।

'मैदानभित्रको तयारी पूरा भएपछि कीर्तिपुरमा पूणर्निर्माणको काम सुरु हुनेछ, त्यसमा ड्रेसिङ रूम, आइस बाथ, डाइनिङ हल, भीआईपी बक्सको मर्मत गरिनेछ, दर्शक बस्ने कुर्सीमा सिट नम्बर राखिने छ, दर्शकहरूलाई सहज रुपमा मैदानभित्र पस्न मिल्ने वातावरण बनाइने छ,' उपाध्यक्ष सिंहले भने, 'सुरक्षाको विषयलाई हामीले अत्यन्तै गम्भीर रूपमा राखेका छौं।' उनका अनुसार आईसीसीका प्रतिनिधि आइसकेपछि सुरक्षाको सम्पूर्ण प्रबन्धको तयारी गरिनेछ।

# बक्सिङको एसियाड तयारी गुवाहाटीमा

**कान्तिपुर संवाददाता** (काठमाडौं)

बक्सिङले २० औं एसियाली खेलकुदको तयारी प्रशिक्षण भारतको आसामस्थित गुवाहाटीमा गर्ने भएको छ। त्यसका लागि ७ खेलाडीसहित ९ सदस्यीय नेपाली टोली सोमबार गुवाहाटी जानेछ।

जापानको आइची/नागोयामा ३ असोजदेखि सुरु हुने एसियाली खेलकुदमा नेपालका ४ पुरुष र ३ महिला बक्सरले प्रतिस्पर्धा गर्ने छन्। पुरुष ५५ केजीमुनि चन्द्रबहादुर थापा, ६० केजीमुनि खगेन्द्र रोका मगर, ७० केजीमुनि दानबहादुर दर्लामी र ९० केजीमुनि रविन नेपालले प्रतिस्पर्धा गर्नेछन्।

महिला ५१ केजीमुनि रमिशा श्रेष्ठ, ५४ केजीमुनि अस्मिता तामाङ र ६५ केजीमुनि कुसुम तामाङले भाग लिने छन्। स्पोर्ट्स अथोरिटी अफ इन्डिया (साइ) अन्तर्गत नेसनल सेन्टर अफ एक्सिलेन्समा ४० दिन प्रशिक्षण तयारी प्रशिक्षण गर्ने नेपाल बक्सिङ महासंघका सचिव पुष्करराज पन्तले जनाएका छन्। टोली त्यतैबाट जापान जानेछ।

रविनबाहेक सबैको पहिलो एसियाड सहभागिता हो। रविनले १९ औं एसियाली खेलकुदमा प्रतिस्पर्धा गरेका थिए। चन्द्र सन् २०२५ मा दुबईमा सम्पन्न आईबा विश्व पुरुष बक्सिङ च्याम्पियनसिपका कांस्य पदक विजेता हुन्। चन्द्रको कांस्य पदक नेपाली बक्सिङ इतिहासकै ठूलो सफलता हो। प्रशिक्षकमा राज श्रेष्ठ र दीपक महर्जन छन्। व्यवस्थापकमा नेपाल बक्सिङ महासंघका महासचिव मानबहादुर भण्डारी रहनेछन्।

एसियाली खेलकुदमा समग्रमा बक्सिङले ३ फरक संस्करणमा गरी ६ कांस्य पदक जितेको छ। बक्सिङले दक्षिण कोरियाको सोलमा सन् १९८६ मा भएको १० औं संस्करणमा पहिलो पटक पदक जितेको थियो। त्यसबेला दलबहादुर राना मगर, तुलबहादुर थापा, सुशील पोखरेल र मनोजबहादुर श्रेष्ठले कांस्य जितेका थिए। बाँकी २ संस्करणमा बक्सिङले पदक जित्दै नेपाललाई पदकविहीन हुनबाट जोगाएको थियो।

सन् १९९० मा चीनको बेइजिङमा भएको ११ औं संस्करणमा चित्रबहादुर गुरुङ र सन् २०१० मा चीनकै ग्वाङझावमा भएको १६ औं एसियाडमा हालका प्रशिक्षक दीपकले नेपाललाई कांस्य पदक दिलाएका थिए। दक्षिण कोरियाको इन्चोनमा भएको १७ औं संस्करणदेखि बक्सिङ पदकविहीन छ।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहता, नेपाल बक्सिङ महासंघका अध्यक्ष राम अवालेलगायतले शुक्रबार बिदाइ गरे।

नेपाल बक्सिङ महासंघले सोही कार्यक्रममा विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्ने दुई र उत्कृष्ट प्रदर्शन गर्ने दुई खेलाडीलाई नगदसहित सम्मान गरेको छ। पदक विजेता चन्द्रबहादुर थापा र अर्पिल राना तथा उत्कृष्ट प्रदर्शन गर्ने लालप्रसाद उप्रेती र अञ्जनी तेली सम्मानित भएका हुन्।

चन्द्रले सन् २०२५ मा दुबईमा भएको आईबा विश्व पुरुष बक्सिङ च्याम्पियनसिप ५४ केजीमुनि कांस्य जितेका थिए। सोही प्रतियोगिताको ५१ केजीमुनि लालप्रसाद क्वाटरफाइनल पुगेका थिए।

सन् २०२५ मा थाइल्यान्डमा भएको एसियन यू-२२ बक्सिङ च्याम्पियनसिपको पुरुष ५० केजीमुनि अर्पिलले कांस्य जितेका थिए। अञ्जनीले सन् २०२३ मा भारतमा भएको आइबा महिला विश्व बक्सिङ च्याम्पियनसिपको ५२ केजीमुनि क्वाटरफाइनल यात्रा तय गरेकी थिइन्।

चन्द्रलाई ५० हजार, अर्पिललाई २० हजार तथा लालप्रसाद र अञ्जनीलाई १०-१० हजारसहित सम्मानित गरियो। अञ्जनी भने कार्यक्रममा उपस्थित थिइनन्।




# धनञ्जय पुनः पोखरा एभेन्जर्समा

काठमाडौं (कास)- श्रीलंकाली अलराउन्डर धनञ्जय लक्सनले लगातार दोस्रो वर्ष पोखरा एभेन्जर्सबाट नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमा खेल्ने भएका छन्। पोखराले शुक्रबार उनलाई भित्राएको जनाएको छ। एनपीएलको दोस्रो सिजन दसैंपछि सुरु हुने तालिका छ।

लक्सनले गत वर्ष एनपीएल सिजन २ पनि पोखराबाटै खेलेका थिए। पोखराले सुरुको चार खेलमा १ मा मात्र विजय हात पारेपछि उनी एनपीएल खेल्न काठमाडौं आइपुगेका थिए। उनको उत्कृष्ट प्रदर्शनपछि पोखराले बाँकी ३ मध्ये २ खेल जिते पनि प्लेअफमा पुग्न सकेन। उनले पोखराबाट सर्वाधिक १० विकेट लिनुका साथै १४० को स्ट्राइक रेटमा ३८ बलमा ५३ रन बनाएका थिए। उनले कर्णाली याक्सविरुद्ध ११ बलमा ३ चौका र १ छक्कासहित २३, काठमाडौं गोर्खाजविरुद्ध ४ ओभरमा १ मेडन राख्दै १६ रन खर्चेर ४ विकेट लिनुका साथै २७ बलमा ३० रन बनाए भने चितवन राइनोजविरुद्ध ३.४ ओभरमा २० रन खर्चेर ३ विकेट लिएका थिए।

पोखराबाट यस सिजनमा आवद्ध उनी दोस्रो विदेशी खेलाडी हुन्। बंगलादेशका भेट्रान अलराउन्डर शकिब अल हसनलाई पोखराले भित्र्याइसकेको छ।





टोलीले श्रीलंकाका पूर्व रहस्मय स्पिनर अजन्था मेन्डिसलाई प्रशिक्षकको जिम्मेवारी दिइसकेको छ। कुशल भुर्तेल मार्की खेलाडी रहेको पोखरामा सागर ढकाल, अर्जुन कुमाल, विपिन खत्री, आकाश चन्द, किरण ठगुन्ना, दिनेश खरेल, विवेक रानामगर, सुदीप अर्याल, सन्नी बिक, विपिन आचार्य र प्रतीक पोखरेल छन्। टोलीलाई बलियो बनाउनेक्रममा लक्सनलाई भित्र्याएको पोखराले जनाएको छ। बायाँहाते ब्याटर तथा दायाँहाते मध्यम गतिका बलर उनले श्रीलंकाबाट तीन एकदिवसीय अन्तर्राष्ट्रिय खेलिसकेका छन्। २७ वर्षे उनीसँग ७० ट्वान्टी-२० खेलेको अनुभव छ।

'धनञ्जयलाई पुनः स्वागत गर्न पाउँदा हामी उत्साही छौं, सिजन २ मा आफ्नो अनुभव, समर्पण र उत्कृष्ट अलराउन्ड प्रदर्शनमार्फत टोलीलाई ठूलो योगदान दिएका छन्,' पोखराका महाप्रबन्धक अमित लोहनीले विज्ञप्तिमा भनेका छन्।

## चितवनमा बोपाराको लगातार तेस्रो सिजन

काठमाडौं (कास)- इंग्ल्यान्डका भेट्रान अलराउन्डर रवि बोपाराले लगातार तेस्रो वर्ष चितवन राइनोजबाट नेपाल प्रिमियर लिग (एनपिएल) खेल्ने भएका छन्। चितवनले शुक्रबार सामाजिक सञ्जालमार्फत उनले पुनः खेल्न लागेको जनाएको छ।



बोपारा एनपीएलका सफल ब्याटरमा पर्छन्। दुई सिजनमा उनले ५ सयभन्दा बढी रन बनाएका छन्। उनले पहिलो सिजन तीन अर्धशतकसहित १३५ माथिको स्ट्राइक रेटमा २ सय ८६ रन बनाएका थिए। उनी सर्वाधिक रन बनाउने सूचीमा जनकपुर बोल्ट्सका लाहिरू मिलान्थाभन्दा ७ रनले मात्र पछाडि थिए।

गत सिजन पनि उनले सुरुका ३ खेलमा लगातार अर्धशतक बनाए। उनले कुल ७ खेलमा १३० माथिको स्ट्राइक रेटमा २ सय ३७ रन बनाएका थिए। मार्चमा उनले काउन्टी क्रिकेटबाट संन्यास लिएका थिए। हाल उनी इंग्ल्यान्डमा भइरहेको द हन्ड्रेडमा कमेन्टेटरको भूमिकामा छन्।

**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, प्रधानसम्पादक : **गोकर्ण अवस्थी**